# सामुदायिक बाल पत्रकारिता




ACORAB Nepal

नेपाली जुटौं
बाल विवाह रोकौं

World Vision

CIN
Community Information Network

# सामुदायिक बाल पत्रकारिता

## सिकाइ र उपलब्धि


| | | |
|---|---|---|
| प्रकाशन | : | सामुदायिक बाल पत्रकारिता, सिकाइ र उपलब्धि |
| संस्करण | : | २०७५ वैशाख |
| प्रधान सम्पादक | : | डा. रामचन्द्र लामिछाने |
| लेखन संयोजन/सम्पादन | : | दीपक आचार्य |
| भाषा सम्पादन | : | लिलप्रकाश चन्द |
| सम्पादन सहयोगी | : | गोविन्द खड्का |
| | | गीता चिमोरिया |
| व्यवस्थापक | : | बाबुराम खड्का |
| प्रकाशक | : | सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) |
| प्रकाशन सहयोगी | : | वर्ल्ड भिजन इन्टरनेशनल नेपाल |
| साझेदार रेडियो | | रेडियो मनासलु |
| | | रेडियो सिन्धु |
| | | रेडियो नुवाकोट |
| फोन | : | ०१- ५२६०६६१/७१ |
| पो.ब.नं. | : | १९३२४, काठमाडौँ। |
| ईमेल | : | acorab@gmail com |
| वेब | : | www.acorab.org.np, www.cinnetwork.org |
| रुपरेखा र सज्जा | : | सुवास पन्त |
| मुद्रण | : | वर्ल्ड वाइड प्रिन्ट सोलुसन |

# हाम्रो भनाइ

वर्ल्ड भिजन इन्टरनेशनल नेपाल र सामुदायिक रेडियो प्रसारक संघको सहकार्यमा सञ्चालन भइरहेको सामुदायिक बाल पत्रकारिता परियोजनाको सुरुवात वैशाख १२, २०७२ को विनाशकारी भूकम्पपछि भएको हो । सामुदायिक रेडियो प्रसारक संघ, संघद्वारा सञ्चालित सामुदायिक सूचना नेटवर्क (सीआईएन) र जिल्लामा भएका सामुदायिक रेडियोहरूसँगको सहकार्यमा बाल केन्द्रित सामुदायिक पत्रकारिताको सफल अभ्यास नेपालमा भएको छ । नेपालका अन्य सामुदायिक रेडियो र विश्वकै सामुदायिक रेडियोहरूले पनि यसको सफल अभ्यासको अनुकरण गर्न सहजहोस् भन्ने उद्देश्यकासाथ यो पुस्तक प्रकाशन गरिएको हो । यो पुस्तक सरल भाषामा लेख्ने प्रयास गरिएको छ । तस्विरहरू मार्फत पनि धेरै जानकारी प्राप्त गर्न सकिने भएकाले प्रशस्त सङ्ख्यामा तस्विरहरू पुस्तकमा समावेश गरिएको छ ।

सामुदायिक पत्रकार भनेर तोकिएका बालबालिकाले गाउँस्तरमै बालबालिकाका मुद्दालाई सार्वजानिक ठाउँमा छलफल गर्ने गरेका छन्। ती सवाललाई पनि पुस्तकमा समावेश गर्ने प्रयत्न गरिएको छ । सामुदायिक बाल पत्रकारहरूले छलफल गरिसकेपछि उठेका कुराहरूलाई रेडियो कार्यक्रम मार्फत सम्बोधनको प्रयास गर्नु यसको राम्रो पक्ष हो। सामुदायिक पत्रकारहरूले बालबालिकाका कुनै पनि मुद्दालाई अनौपचारिक रुपमा कुनै चौतारो, चियापसलमा छलफल गराएर रेडियोमा पुऱ्याएको र त्यसको समाधान गर्ने प्रयास गरेको पाइएको छ। छलफलमा उठेका विषयवस्तुलाई सामुदायिक पत्रकारले रेडियोमा जानकारी गराएपछि रेडियोले ती विषयवस्तु कार्यक्रम जीवनरक्षा बालसुरक्षामा सम्बन्धित निकायसँग गरिएको कुराकानीसहित प्रसारण गर्दै आएका छन् । तिनै विषयवस्तुलाई यो पुस्तकमा समावेश गरिएको छ ।

बालबालिकाबाट गाउँस्तरका मुद्दालाई उठानगरी समाज परिवर्तन गर्ने उद्देश्यले सामुदायिक पत्रकारिताको अभ्यास सुरु गरिएको हो । समाजमा भएका समस्या, विकृति, विसङ्गतिलाई सरोकारवाला निकायसम्म पुऱ्याएर समस्याको समाधान गर्न पनि यो अभ्यासले सहयोग गर्ने अपेक्षा छ । सामुदायिक पत्रकारिताको अभ्यास सिन्धुली, सिन्धुपाल्चोक, गोरखा, नुवाकोट, काठमाडौँ, ललितपुर र भक्तपुरमा भइसकेको छ। यो अभ्यास नेपालमा नै पहिलोपटक सुरु भएकाले सबैका लागि अनुकरणीय हुन सक्ने त्यस्ता सफल विषयवस्तुलाई पुस्तकमा स्थान दिइएको छ । नेपालमा तीन सय २५ भन्दा बढी सामुदायिक रेडियोहरू खुलिसकेका छन् । यति धेरै रेडियो हुँदा पनि सामुदायिक पत्रकारिताको विकास भने हुन सकेको थिएन । वर्ल्ड भिजन इन्टरनेशनल नेपालसँगको सहयोग र साझेदारीमा संघले तीन वर्षदेखि गरेको प्रयास सार्थक भएको कुरा यस पुस्तकले पनि प्रमाणित गर्नेछ ।

नेपालमा पढीलेखी जान्ने भइसकेपछि पत्रकारितामा प्रवेश गर्ने प्रवृत्ति रहेको छ । पत्रकारहरूलाई समुदायका वास्तविक मुद्दालाई बाहिर ल्याउन नसकेको बेलाबेलामा आरोप पनि

लाग्ने गरेको छ । समुदायका वास्तविक मुद्दा उठान गर्नको लागि सामुदायिक पत्रकारहरूको भूमिका महत्त्वपूर्ण हुने कुरालाई बाल पत्रकारहरूले प्रमाणित गरेकाले उनीहरूका सफल अभ्यास र विचारहरूलाई पनि यो पुस्तकमा समावेश गरिएको छ । वर्ल्ड भिजन इन्टरनेशनल नेपाल, जसको सहयोग र साथमा यो महत्त्वपूर्ण कार्य भयो, त्यसको लागि संघको तर्फबाट वर्ल्ड भिजन इन्टरनेशनल नेपाललाई हार्दिक धन्यवाद व्यक्त गर्दछौँ । वर्ल्ड भिजन इन्टरनेशनल नेपालका राष्ट्रिय निर्देशक, जनसम्बन्ध निर्देशक, वकालत तथा पैरवी अधिकृतलगायत सबैलाई धन्यवाद। सामुदायिक रेडियो प्रसारक संघका कार्यकारी निर्देशक, जसले यो परियोजना सम्पन्न गर्न संयोजनकारी भूमिका खेल्नुभयो, उहाँलाई झन् बढी धन्यवाद दिनु आवश्यक छ ।

लेखन र सामग्री सङ्कलनका साथै वर्ल्ड भिजनसँगको परियोजनाको संयोजन गर्ने सीआईएनका म्यानेजर दीपक आचार्य र उत्पादक गीता चिमोरियालाई धेरै धन्यवाद । लेख, रचना र जानकारीहरू उपलब्ध गराइदिने नुवाकोट, गोरखा र सिन्धुपाल्चोकका सामुदायिक रेडियोहरूलाई धेरैधेरै धन्यवाद । भाषा शुद्धाशुद्धि हेर्नुहुने सीआईएनका वरिष्ठ कार्यक्रम उत्पादक लिलप्रकाश चन्दलगायत सम्पूर्ण साथीहरूको अथक प्रयासबाट नै यो पुस्तक पढ्न लायक भएको छ। यो पुस्तक रेडियोमा कार्यक्रम चलाउनेहरूका लागि साँच्चै सहयोगी हुनेछ भन्ने विश्वास हामीले लिएका छौँ।

ACORAB Nepal

सुवास खतिवडा
अध्यक्ष
सामुदायिक रेडियो प्रसारक संघ
(अकोराब) नेपाल

# कृतज्ञता

नेपालमा सामुदायिक रेडियोको इतिहासले २ दशक पूरा गरिसकेको अवस्थामा सामुदायिक रेडियोहरूले बिभिन्न अभ्यास गरे । ती मध्येको सामुदायिक पत्रकारिता पनि एक हो । २०७२ वैशाखको विनाशकारी भूकम्पले नेपालको एक तिहाइ जनसङ्ख्यालाई प्रभावित गरेपछि त झन् यसको बढी अभ्यास भयो । वर्ल्ड भिजन इन्टरनेशनल नेपालसँगको सहकार्यमा सामुदायिक रेडियो प्रसारक संघले भूकम्पपछि सामुदायिक बाल पत्रकारिता सुरु गऱ्यो । त्यही अभ्यास र त्यसको उपलब्धिहरूलाई दस्तावेजको रुपमा पुस्तक प्रकाशन गर्न पाएकोमा निक्कै खुसी लागेको छ । नुवाकोट र सिन्धुपाल्चोकमा गरी तीन जना बाल पत्रकारहरू व्यावसायिक रेडियोकर्मीकै रुपमा काम गर्न थाल्नु महत्त्वपूर्ण उपलब्धि हो भने अन्य बालपत्रकारहरूले पनि निरन्तर प्रयास गर्दै आएका छन् । सामुदायिक बाल पत्रकारिताको तालिम लिएर बाल पत्रकार बनेका बालबालिकाले समाजमा पुऱ्याएको योगदानलाई पनि पुस्तकमा समेटिएको छ । यसले बाल–बालिकामा शक्तिको हस्तान्तरण गराउन सहयोग पुऱ्याएको छ भने विकासनिर्माणमा हुने भ्रष्टाचार र अपारदर्शीता अन्त्यको आधार तयार पारेको छ । खबरदारी गर्ने बाल पत्रकारका कारण गाउँगाउँ, टोलटोल र विद्यालयहरूमा धेरै सुधारका काम भएका छन् । बाल पत्रकारहरुले आत्मविश्वास र सामाजिक प्रतिष्ठा वृद्धि भएको बताएका छन् । सामाजिक मुद्दाहरूमा सचेतना बढेको छ भने बालविवाह, छुवाछुत जस्ता कुरीतिको अन्त्य गर्नको लागि बालबालिका आफै लाग्न थालेका छन् ।

विद्यालयदेखि गाउँघरसम्म बाल पत्रकारिताले पारेको सकारात्मक प्रभावलाई दृष्टिगत गरी अब स्थानीय सरकारले यसलाई निरन्तरता दिनको लागि सहयोग गर्नु आवश्यक छ । पुस्तकले स्थानीय तहका जनप्रतिनिधिहरूलाई सामुदायिक बाल पत्रकारिताको अभ्यासलाई अङ्गीकार गर्नको लागि सहयोग गर्नेछ । सामुदायिक बाल पत्रकारितालाई सफल बनाउन संघसँग सहकार्य गर्ने वर्ल्ड भिजन इन्टरनेशनल नेपालका राष्ट्रिय निर्देशकलगायत सम्पूर्ण पदाधिकारिहरूलाई विषेश धन्यवाद दिन चाहन्छु । यो पुस्तकका सामग्री लेखन र सङ्कलनमा अहोरात्र खटिने सीआईएन म्यानेजर दीपक आचार्यलगायत सीआईएनका सबै सहकर्मीलाई हार्दिक धन्यवाद ।

ACORAB Nepal

डा. रामचन्द्र लामिछाने
कार्यकारी निर्देशक
(अकोराब) नेपाल

# विषयसूची


| क्र.स | विषय | पृष्ठ नं. |
|---|---|---|
| १. | परियोजना सुरु भएदेखिको पृष्ठभूमि | ०१ |
| २. | सामदुायिक पत्रकारिताबाट प्राप्त उपलब्धि | ०५ |
| ३. | सामदुायिक बाल पत्रकारिता अनि त्यसका प्रक्रिया | ०७ |
| ४. | परिवतर्नका लागि अघि सर्दै बालबालिका, बालबालिकाको साथमा सफलता | १० |
| | **सकारात्मक परिवर्तन र सफलताका कथाहरू** | |
| ५. | बदलियो विवाह गर्ने निर्णय | १२ |
| ६. | रोकियो बालविवाह | १३ |
| ७. | हट्यो खानेपानीको समस्या | १५ |
| ८. | स्वस्तीका रेडियो कार्यक्रम सञ्चालक बन्न सफल | १७ |
| ९. | सामुदायिक बाल पत्रकारिता गोरखा जिल्लाको सिकाइ | २० |
| १०. | बाल पत्रकारिताले कैयौँ विद्यार्थीमा उत्प्रेरणा | २४ |
| ११. | सामुदायिक पत्रकार भएपछि निडर भएर बोल्न सक्ने भएँ | २५ |
| १२. | रेडियो सुन्ने बानीले रेडियोमा बोल्ने भएँ | २६ |
| १३. | रेडियो कार्यक्रम जीवनरक्षा बालसुरक्षाबाट थप हौसला | २७ |
| १२. | बाल हिंसा न्यूनीकरणमा भूमिका | ३० |
| १३. | सामुदायिक पत्रकारिता गर्वको पेसा | ३१ |
| १४. | आत्मविश्वास बढ्यो | ३१ |
| १५. | चेतनाको लागि बाल पत्रकारिता | ३२ |
| १६. | रेडियामा बोलेको सनुपेछि गाउँलेको सम्मान | ३२ |
| १७. | सामुदायिक बाल पत्रकारितामा मेरो यात्रा | ३३ |
| १८. | समाजका घटनाहरू रेडियोसम्म पुर्‍याउँदाको खुसी | ३५ |
| १९. | सानो प्रयासबाट ठूलो परिवर्तन | ३५ |
| २०. | आफन्तबाट सहयोग पाएँ | ३६ |
| २१. | विद्यालयमा खानेपानीको समस्या समाधान | ३६ |
| २२. | शिक्षकको बानी सुधार्न सफल भएँ | ३७ |
| २३. | बोल्न सक्ने भएको छु | ३७ |
| २४. | छोरीलाई पनि निजी विद्यालयमा भर्ना | ३८ |
| २५. | खानेपानीको समस्या न्यूनीकरण | ३९ |
| २६. | समाजमा जुवातास खेल्ने प्रवृत्तिको अन्त्य | ३९ |

| | | |
|---|---|---|
| २७. | गलत काम भएको ठाउँमा प्रश्न | ४० |
| २८. | रेडियोमा आवाज उपयक्तु हुँदाको खुसी | ४० |
| २९. | विद्यालयमा खानेपानीको समस्या समाधान | ४१ |
| ३०. | बालबालिकाको विषयमा सोधीखोजी | ४२ |
| ३१. | बालबलिकाको विषयमा स्थानीय सरकारसँग छलफल | ४२ |
| ३२. | नुवाकोटमा बाल पत्रकारले रेडियोमै काम गर्न थाले | ४३ |
| ३३. | बाल पत्रकारितालाई स्थानीय तहले सहयोग गर्ने | ४५ |
| ३४. | गोरखामा स्थानीय तहले बाल पत्रकारितालाई सघाउने | ४८ |
| ३५. | बाल पत्रकारिताको अभ्यासमा विदुर नगरपालिकाको साथ | ५० |

●●●

# सामुदायिक बाल पत्रकारिता

## पृष्ठभूमि

सामुदायिक पत्रकारिता भन्नाले व्यावसायिक पत्रकारिता भन्दा केही फरक तर त्यसको जरा हो, समुदायको व्यक्ति वा समूहले तल्लो तहमा देखेका सवाललाई प्रत्यक्षरुपमा सञ्चारमाध्यम मार्फत उठाइदिने पत्रकारिता हो। यो नागरिक पत्रकारिता नजिक भए पनि त्यो भन्दा पनि फरक छ। बालबालिका, महिला, आमा समूहहरू यसका पत्रकार हुन्।

नेपालमा किन सुरु भयो सामुदायिक बाल पत्रकारिता ? भन्ने प्रश्न नै महत्त्वपूर्ण हो। २०७२ वैशाख १२ गते शनिबार गोरखाको बारपाक केन्द्रविन्दु भएर विनाशकारी भूकम्प गयो र यसले नेपालको एक तिहाइ जनसङ्ख्यालाई प्रभावित गर्‍यो। वैशाख १३ र २९ गतेका शक्तिशाली परकम्पहरूले पनि धेरै क्षति पुग्यो र नागरिकलाई त्रसित बनायो। त्यो अवस्थामा सबै गाउँ, टोल र बस्तीमा रेडियोकर्मीहरू पुग्न सकेनन् र त्यहाँको सवाल आउन समस्या भयो। अझ बढी बालबालिकाका सवालहरू सञ्चार माध्यममा आउन गाह्रो भयो। त्यही अभावको परिपूर्ति गर्न सामुदायिक बाल पत्रकारिता सुरु भयो। विनाशकारी भूकम्प र तारन्तारका परकम्पले देशका १४ जिल्लामा व्यापक जनधनको क्षति भयो। करिब ९ हजार मानिसको मृत्यु भयो। लाखौँ पशुचौपाया तथा झण्डै ७ लाख घरहरूमा क्षति भयो। भूकम्पको प्रकोपपछि भौतिक, सामाजिक, सांस्कृतिक, आर्थिक र मनोवैज्ञानिक रूपमा नेपालको पुनर्निमाणका लागि नेपालसहित विश्वका सरकारहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था र नागरिक समुदायले पनि विशेष पहल गरे, तर पुनर्निर्माणको काम निक्कै ढिलो गतिमा सुरु भयो।

### सामुदायिक बाल पत्रकारितामा सामुदायिक रेडियो प्रसारक संघ र वर्ल्ड भिजन इन्टरनेशनल नेपालको सहकार्य

भूकम्प गएका बेला देशभर सक्रिय २७५ सामुदायिक रेडियोहरूमध्ये १२० भन्दा बढी सामुदायिक रेडियोहरू भूकम्पको विपत्तिबाट प्रभावित भए। झण्डै ६० सामुदायिक रेडियोहरूको प्रसारण केन्द्र र उपकरणमा गम्भीर क्षति भयो। रेडियोकर्मीहरूले पनि जनधनको क्षति बेहोर्नु पर्‍यो। तर पनि भूकम्पको तत्कालैदेखि ठूला खालका परकम्पका बीचमा पनि देशभरका रेडियोले उद्धार, राहत र पुनर्निमाणका विभिन्न पहलहरूमा साथ दिएर नियमित प्रसारण गरिरहे। प्रसारण भवन र उपकरणहरूको

सम्पूर्ण क्षति बेहोरेका रेडियोहरूले अस्थायी प्रसारण केन्द्र खडा गरेर सूचना वितरण गरे । सामुदायिक रेडियो प्रसारक संघ नेपालले यो अवस्थामा ठूलो भूमिका निर्वाह गऱ्यो । नेपालको भूकम्प प्रतिकार्यको पुनर्लाभ चरणमा सामुदायिक रेडियो प्रसारक संघ र वर्ल्ड भिजन इन्टरनेशनल नेपालको सहकार्य झनै प्रभावकारी साबित भयो । सामुदायिक रेडियो प्रसारक संघ नेपाल, नेपालका सामुदायिक रेडियोको राष्ट्रिय सङ्गठन हो । सन् २००२ मा गैरसरकारी संस्थाको रुपमा दर्ता भएको संघले सामुदायिक रेडियोको क्षमता विकासको माध्यमबाट समुदायलाई सुसूचित, अद्यावधिक र शिक्षित बनाउन प्रयास गरिरहको छ । ४ वर्षअघि नेपाल सरकार गृह मन्त्रालयको निर्णय अनुसार संघ राष्ट्रिय पेसागत सङ्गठनको रुपमा क्रियाशील छ । २०६६ सालदेखि संघले रेडियोहरूलाई एकै सञ्जालमा ल्याएर सामुदायिक सूचना नेटवर्क (सीआईएन) सञ्चालन गरिरहेको छ । सीआईएनले रेडियो कार्यक्रम उत्पादन, वितरण, रेडियोकर्मीको क्षमता विकास र समाजिक बजारीकरणका माध्यमबाट देशभरिका सामुदायिक रेडियोहरूलाई गाँसिरहेको छ । भूकम्पपछि प्रभावित जिल्लाहरूमा जीवन सुरक्षाका लागि वर्ल्ड भिजन इन्टरनेशनल नेपाललगायतका संस्थाहरूको सहकार्यमा सीआईएनले दैनिक आधा घण्टाको विशेष रेडियो कार्यक्रम 'जीवन रक्षा' प्रसारण गऱ्यो ।

झण्डै ३२ वर्षदेखि नेपाली बालबालिकाको शिक्षा, संरक्षण, सहभागिता र स्वास्थ्य क्षेत्रको बानीव्यवहार परिवर्तन र अभिभावकको दायित्त्व प्रवर्धनका लागि काम गरिरहेको वर्ल्ड भिजन इन्टरनेशनल नेपालले देशका विभिन्न जिल्लामा कार्यालय खोलेर नेपाली बालबालिकाको जीवन रक्षाका लागि काम गरिरहेको छ । वर्ल्ड भिजन बालबालिका, तिनका परिवार र समुदायहरूलाई गरिबी र अन्यायबाट मुक्त हुन सघाउन प्रतिबद्ध एक अन्तर्राष्ट्रिय इसाइ राहत, विकास र पैरबी गर्ने संस्था हो । वर्ल्ड भिजनले करिब १०० देशमा धर्म, जातजाति, सम्प्रदाय वा लिङ्गको भेदभाव नगरी सबैको सेवा गर्दछ । वर्ल्ड भिजनले नेपालमा सन् २००१ देखि दीर्घकालीन विकास कार्यको सुरुवात गरेको हो । वर्ल्ड भिजनले विगतका वर्षमा समुदायहरूसँग साझेदारी गरी बालबालिकाको समृद्धिको निम्ति काम गरेको छ । हाल वर्ल्ड भिजनको दीर्घकालीन विकास कार्यक्रम ११ जिल्ला र ६ प्रदेशमा छन् । सन् २०१५ मा नेपालमा गएको भूकम्प पश्चात सिन्धुपाल्चोक, सिन्धुली, लमजुङ, भक्तपुर, ललितपुर, काठमाडौँ र गोरखा गरी ७ जिल्लामा वर्ल्ड भिजनका साझेदार संस्थाहरूले आकस्मिक सहयोग पुऱ्याएका थिए । नेपाल भूकम्प प्रतिकार्यको पुनर्लाभ चरणमा वर्ल्ड भिजनका साझेदार संस्थाहरूले अति प्रभावित ५ जिल्लाहरू दोलखा, सिन्धुपाल्चोक, नुवाकोट, धादिङ र गोरखामा आफ्नो कार्यहरू अघि बढाएका थिए । नेपाल भूकम्प प्रतिकार्यको अन्तिम पुनर्स्थापना चरणमा वर्ल्ड भिजनका साझेदार संस्थाहरूले सिन्धुपाल्चोक,



नुवाकोट र गोरखा गरी ३ जिल्लामा आफ्ना कार्यहरू अघि बढाएका थिए ।

वर्ल्ड भिजन इन्टरनेशनल नेपालको विशेषज्ञता पनि सामुदायिक रेडियोहरूले प्रयोग गर्न पाए । विपत्तिपछि पनि वर्ल्ड भिजनले भूकम्प प्रतिकार्यमा सक्रियताकासाथ प्रभावित जिल्लाहरूमा प्रतिकार्यका गतिविधिहरू सञ्चालन गर्न थाल्यो, त्यसको प्रचारको लागि पनि सीआईएनले साथ दियो । तत्कालै सुरक्षित पुनर्निर्माणमा केन्द्रित भएर राहत वितरण, बालस्वास्थ्य, बालसंरक्षण, शिक्षा, सुरक्षित बसाइ र सुरक्षित पुनर्स्थापनाका लागि वर्ल्ड भिजनले उदाहरणीय काम गरेको पाइयो । वर्ल्ड भिजनले भूकम्पपछिको सुरक्षित वा उन्नत पुनर्निमाण (Build Back Better) का लागि समुदायलाई सुसूचित, शिक्षित र अद्यावधिक राख्न सामुदायिक पत्रकारिताको अभ्यासलाई बढावा दियो, त्यो तीन वर्षसम्म पनि जारी नै छ । वर्ल्ड भिजन इन्टरनेशनल नेपाल र सामुदायिक रेडियो प्रसारक संघले विनाशकारी भूकम्पपछि यो क्षेत्रमा सामुदायिक बाल पत्रकारिता मार्फत समुदायको सवाल उठाउने कार्यक्रम सुरु गरेको हो । त्यो विपद्मा मात्रै केन्द्रित नभएर समग्र जनजीविकालाई प्रवर्धन गर्ने माध्यम बन्न सफल भयो । सामुदायिक बाल पत्रकारिताले स्थानीय सवालहरूलाई प्राथमिकता दिँदै समाजको विकास र रुपान्तरणमा टेवा पुऱ्याएको छ । यसले अन्य जिल्लाका रेडियोकासाथै विश्वकै रेडियोहरूका लागि उदाहरण प्रस्तुत गरिरहेको छ ।

भूकम्पको विपत्तिबाट प्रभावित व्यक्तिलाई जीवनोपयोगी सीपका लागि सूचित, शिक्षित र अद्यावधिक गर्नु सामुदायिक पत्रकारिताको मुख्य उद्देश्य हो । साथै सेवा



प्रवाहलाई व्यवस्थित गर्न पहल गर्नु र सम्भावित विपत्तिबाट जोगिन जनचेतना जगाउनु पनि सामुदायिक पत्रकारिताको समग्र उद्देश्य हो । स्थानीय समुदायका बाल क्लबहरूको सहभागितामा सामुदायिक पत्रकारिताको सदुपयोग र प्रवर्धन गर्ने काम यो पत्रकारिताले गरेको पाइयो । समुदाय र बालबालिकाको आवाजलाई सामुदायिक पत्रकारहरूले उजागर गरी रेडियो मार्फत सम्बन्धित निकायसम्म पुऱ्याउने र ती समस्याको समाधान गर्ने काममा पनि सहयोग पुगेको छ । स्थानीय समुदायलाई प्रकोप व्यवस्थापन तथा पूर्वतयारीका लागि सचेत पार्दै बालबालिका केन्द्रित प्रकोप व्यवस्थापन रणनीतिका लागि वकालत गर्ने काम पनि भयो । बालमैत्री स्थानीय शासनका बारेमा सरोकारवाला (सरकारी निकाय र राजनीतिक संयन्त्र) लाई सुसूचित गराउँदै अहिले स्थानीय तहलाई कार्यान्वयनका लागि वकालत गर्ने काम यो पत्रकारिताले सधैं गर्ने आधार तयार भएको छ । यसलाई देशभरिका तीन सय भन्दा बढी सामुदायिक रेडियोहरूको सञ्जाल सीआईएनले अपनाउनु नै यो परियोजनाको सबै भन्दा ठूलो उपलब्धि हो ।

●●●

# सामुदायिक पत्रकारिताबाट प्राप्त उपलब्धि



सामुदायिक पत्रकारिताबाट देशैभरि सञ्चारको क्षेत्रमा नयाँ तरङ्ग फैलिएको छ। विषयलाई बुझ्ने र उठाउने पद्धतिमै परिवर्तन आएको छ। अहिलेसम्म ७ जिल्लाका सामुदायिक रेडियोले सामुदायिक पत्रकारिताको अवधारणालाई आत्मसात र करिव ९० भन्दा बढी सामुदायिक पत्रकारहरूलाई प्रशिक्षित गरी उनीहरूलाई यो पत्रकारिताको अभ्यास गराएका छन् । जसमध्ये केही सामुदायिक पत्रकारहरू व्यावसायिक पत्रकारकै रुपमा रेडियोमा काम गर्न थालिसकेका छन् । ती सामुदायिक पत्रकारहरूको साथमा धेरै सामुदायिक रेडियोले वर्ल्ड भिजनको सहयोगमा रेडियो कार्यक्रम उत्पादन गरेर प्रसारण गर्दा त्यस कार्यक्रम मार्फत तल्लो तहका सवालहरू रेडियोमा ल्याउने काम गर्न सफल भए । कार्यक्रमबाट प्राप्त प्रतिफलहरूलाई पुस्तकको अन्य खण्डमा पनि प्रस्तुत गरिएको छ । पाक्षिक रूपमा रेडियो कार्यक्रम उत्पादन गर्न सहयोग प्राप्त भए पनि हरेक हप्ता कार्यक्रम उत्पादन गरेर सीआईएन र अन्य साझेदार रेडियोहरूले पनि प्रसारण गर्नु यो परियोजनाको अर्को ठूलो उपलब्धि हो । समुदायमा छलफल भएका विषयवस्तुहरू जुन सामुदायिक पत्रकारहरू मार्फत रेडियोबाट उठान गरियो यसले समुदायलाई बोल्न सक्ने र आफ्ना कुरा राख्नु पर्दोरहेछ भन्ने क्षमताको विकास गर्‍यो भने उनीहरूका सवाल सरोकारवाला निकाय मार्फत समाधान गर्ने काम पनि भयो । जसका कारण समुदायको सवाल उठान र सचेतना अभिवृद्धि गरी सरोकारवालाहरूसँगको सम्बन्ध सुदृढ गर्ने काम सफल भयो । सामुदायिक पत्रकारबाट उठेका सवालहरू गाउँ वा

जिल्ला तहमा सम्बोधन गराउने र केन्द्रीय तहमा पनि आवश्यक परे सम्बोधन गराउने प्रयास यो कार्यक्रमले गऱ्यो । रेडियो कार्यक्रमसँगै अन्य बिभिन्न क्रियाकलाप गरियो जसले पैरबी तथा वकालतको कामलाई सहयोग पुऱ्याउने काम गऱ्यो ।

# अभिमुखीकरण

यस परियोजना अन्तर्गत प्रत्येक जिल्लाका स्थानीय कार्यक्रम उत्पादन र प्रसारणका लागि छनौट भएका रेडियोहरूबाट उत्पादक/प्रसारक र वर्ल्ड भिजनका एड्भोकेसी अधिकृत र अकोराब/सीआईएनका कार्यक्रम उत्पादकहरू सहभागी भएर अभिमुखीकरण भएको छ । यसै अभिमुखीकरणमा सहमत भएको विषय र विषयवस्तु विज्ञ समूहको बैठक अर्थात Content advisory group (CAG) ले तय गरेका विषयअनुसार नै कार्यक्रम सञ्चालन भएको छ । त्यस्तै सामुदायिक पत्रकारका लागि प्रत्येक जिल्लामा सिर्जनशील अभिमुखीकरण तालिम सम्पन्न भएको छ । यसबाट सामुदायिक पत्रकारहरूले आधारभूत पत्रकारिताको ज्ञान आर्जन गरेका छन् । चरणचरणमा गरेर जिल्लाहरूका सामुदायिक रेडियोले रेडियो कार्यक्रम 'जीवनरक्षा बालसुरक्षा' का भागहरू आफ्नै प्रयासबाट पनि उत्पादन गर्नु र अन्य कार्यक्रम तथा समाचारमा पनि यस्तै विषयवस्तुलाई प्राथमिकताकासाथ उठाउनु पनि ठूलो उपलब्धि नै हो । केन्द्रमा सामुदायिक सूचना नेटवर्क (सीआईएनले) साप्ताहिक रूपमा प्रसारण गरेका रेडियो कार्यक्रम 'जीवनरक्षा बालसुरक्षा' ले परियोजना भएका जिल्लाका साझेदार रेडियोका साथै देशभरका १४० भन्दा बढी सामुदायिक रेडियोले पनि प्रसारण गर्नु र रेडियोहरूले यो कार्यक्रमको पुनः प्रसारणसमेत निशुल्क रूपमा गर्नु आफैमा उत्साहजनक उपलब्धि हो । त्यति मात्रै होइन यो कार्यक्रमको विषयवस्तुलाई सीआईएनले अन्य समाचार तथा कार्यक्रममा पनि उठाउने परिपाटी स्थापित भइसकेको छ ।

पछिल्लो परियोजनाको चरणमा गोरखा, सिन्धुपाल्चोक र नुवाकोट गरी ३ जिल्लाका ३० जना सामुदायिक पत्रकार बालबालिकाहरूले स्वयम्सेवी रूपमा सामुदायिक पत्रकारिता मार्फत धेरै सवालहरू समुदायमा नै गएर उठाउन सफल भए । उनीहरूले समुदायका मानिस भेला हुने ठाउँमा गएर वा समुदायका मानिसहरूसँग निर्वाचित जनप्रतिनिधिहरू नै राखेर छलफल गरेर रेडियोबाट प्रसारण पनि गरे । साथै समुदायमा आफूले देखे को, सुनेको आधारमा धेरै विषयवस्तु पनि रेडियो कार्यक्रममा उठाउने काम गरे । अनौ पचारिक रूपमा उठेको विषयलाई रेडियो कार्यक्रम मार्फत् सामुदायिक रेडियोहरूले औपचारिक बनाउने काम गरेका छन् । जिल्ला तहमा स्थलगत भ्रमण, लक्षित समूह छलफल र पुनरावलोकन बैठकहरूमा सहभागी भएका परियोजनाका कार्यरत रेडियो उत्पादक र अधिकृतहरूको प्रतिवेदनले पनि धेरै सकारात्मक असरहरू समाजमा परेको देखाएको छ ।

●●●

# सामुदायिक बाल पत्रकारिता अनि त्यसका प्रक्रिया



सामुदायिक रेडियो प्रसारक संघ मार्फत सामुदायिक सूचना नेटवर्क (सीआईएन) ले केन्द्रका साथै जिल्लाबाट प्रसारण हुने कार्यक्रम तथा अन्य क्रियाकलापहरूको राम्रोसँग संयोजन गर्ने र जिल्लाका रेडियो उत्पादकहरूलाई उचित मार्गनिर्देशन गर्ने काम सम्पन्न गऱ्यो । सामुदायिक पत्रकारिताको अभ्यास, रेडियो कार्यक्रम उत्पादन, प्रसारण र अन्य आवश्यक विषयमा जिल्लास्थित सहयोगी रेडियोकर्मीलाई हरेक हप्ता टेलिफोन र इमेल मार्फत अनि भेटेको समयमा आवश्यक मार्गदर्शन गर्ने कामले पनि रेडियोकर्मीको क्षमता र कार्यक्रमको गुणस्तर बढ्न सहयोग पुगेको छ । जिल्लामा भइरहेका कामको निरन्तर सूचना लिने र त्यसअनुसार कार्ययोजनाको समयतालिका वर्ल्ड भिजन इन्टरनेशनलको सहयोगमा व्यवस्थित र अद्यावधिक गर्ने कामले परियोजनालाई थप प्रभावकारी बनाउने काम गरेको पाइयो । वर्ल्ड भिजन इन्टरनेशनल नेपालको केन्द्र र जिल्ला तहका अधिकृतहरूले सामुदायिक पत्रकारको छनोटमा सामुदायिक रेडियोलाई सहजिकरण गर्ने अनि विषयवस्तु दिने काम गरे । विषयगत क्षेत्रका सवालहरूलाई पनि निरन्तर रेडियो मार्फत उठाउनका

लागि उनीहरूको भूमिका महत्त्वपूण रहेको छ । रेडियो कार्यक्रमको स्तरोन्नतिका लागि अभिमुखीकरण गर्नेदेखि सवाल पहिचानका लागि सुझाव समूह गठनको पहल गर्ने काम भयो । रेडियो कार्यक्रम सुझाव समूहको सल्लाह अनुसार तयार पारिएको कार्यक्रमको स्क्रिप्ट समयमा नै प्राप्त गरी सम्बन्धित कार्यक्षेत्रका अधिकृतहरू मार्फत उचित सूचना छ कि छैन, निक्यौंल गराउनको लागि संयोजनकारी भूमिका पनि निर्वाह भयो । सामुदायिक बाल पत्रकारहरूलाई रेकर्डर उपलब्ध गराएर उनीहरू मार्फत समुदायका सवालहरू रेडियोमा ल्याएर प्रसारण गर्ने काम




पनि सम्पन्न भयो । जिल्लास्थित रेडियोहरूले तोकिएको समय भित्रै सामुदायिक पत्रकारहरूको छनौट गरी उनीहरूलाई प्रारम्भिक ज्ञान तथा सीप हस्तान्तरण गर्ने काम राम्रोसँग गर्न सफल भए । तोकिएको समय भित्रै जिल्लाका सरोकारवाला निकाय सम्मिलित विषयवस्तु सुझाव समूह गठन गरेर त्यसको बैठक निरन्तर बसाउने काम भयो । त्यस्तो सुझाव समूहमा रेडियोको कार्यक्रम उत्पादक र स्टेसन व्यवस्थापकहरूका साथै जिल्लाका सरोकारवाला संस्थाका प्रतिनिधिहरू सहभागी भए । नियमित रुपमा सुझाव समूहले तोकेअनुसारको रेडियो कार्यक्रम उत्पादन तथा प्रसारण गर्नु र नीतिगत तहमा कुरा गर्ने विषय उठान गरेर सीआईएनलाई पठाउने काम स्मरणीय भएका छन् । साथै सबै रेडियोले सामुदायिक पत्रकारलाई वर्ल्ड भिजनको बाल संरक्षण नीतिको दस्तावेजमा हस्ताक्षर गराएर बाल संरक्षणप्रति प्रतिबद्ध हुनुका साथै उनीहरूका अभिभावकहरूबाट अनुमति पत्र समेत लिने काम गरे, जसले परियोजनालाई थप व्यवस्थित बनाउन

सहयोग पुऱ्यायो । सामुदायिक पत्रकारका रूपमा बालबालिकालाई प्रयोग गरिएको (१८ वर्ष मुनिका) बालबालिकाको स्वेच्छाले काम गरेको र अभिभावकको समेत स्वीकृति झल्किने किसिमको समझदारी पत्रमा हस्ताक्षर गराइएको थियो । विषयवस्तु सुझाव समूहको बैठकमा वर्ल्ड भिजनको क्षेत्र विज्ञहरू र सामुदायिक रेडियोकार्यक्रम उत्पादक र स्टेसन प्रमुखका साथै बाँकी सरोकारवाला संस्थाको प्रतिनिधिले उठाएका सवालहरूलाई निरन्तर पछ्याउने काम पनि अर्को सफलता नै हो ।

रेडियो कार्यक्रमको ढाँचा र रूपरेखा बनाउने कुरामा पनि अभिमुखीकरण कार्यक्रममा राम्रोसँग छलफल भएअनुसार नै काम भएको पाइयो । कार्यक्रमलाई 'रेडियो पत्रिका' को ढाँचामा तयार गर्ने र त्यसमा रेडियो रिपोर्ट, भक्सपप, सफलताको कथा, अन्तरवार्ता, समूहगत छलफल, प्रश्नउत्तर आदि समेट्ने भन्ने सहमति अनुसारकै कार्यक्रमहरू प्रसारण भएको पाइयो । बाल संरक्षण, पुनर्निमाण, शिक्षा, आवास तथा गैरखाद्य सामग्री, स्वास्थ्य तथा पोषण र खानेपानी तथा सरसफाइ जस्ता विषयवस्तु बढी उठेको छ ।

कार्यक्रमसँग सम्बन्धित क्रियाकलापहरूमा सामुदायिक पत्रकारिताको अभ्यास गर्ने प्रक्रियामा आवश्यकताअनुसार वर्ल्ड भिजन ईन्टरनेशनलका पैरबी अधिकृतहरू, सामुदायिक रेडियोका रेडियो कार्यक्रम उत्पादकहरू र सीआईएनका रेडियो कार्यक्रम उत्पादकहरूको संयोजन र सहकार्य उदाहरणीय भएको छ । कार्यक्रम उत्पादकहरूले कार्यक्रम प्रसारण हुनु एकसाता पहिल्यै कार्यक्रमको स्क्रिप्ट लेखेर पैरबी अधिकृतहरूलाई इमेल मार्फत पठाउने र त्यसमा सबैले सुझाव दिन पाएकाले पनि कार्यक्रम गुणस्तरीय भएको पाइएको छ। वर्ल्ड भिजन र अन्य विषयवस्तु सुझाव समूहमा स्थानीय संस्थाहरूसँगको समन्वयमा कार्यक्रमको विषय छनोट भए पनि पत्रकारिताको हिसाबले सम्पादकीय स्वतन्त्रता सामुदायिक रेडियोसँगै रहेकोले कार्यक्रमलाई सिर्जनशील बनाउन सकिएको छ। मेलापातो, पँधेरा, खेतबारी, चियापसल, विद्यालय, बाल क्लब बैठकलगायत अनौपचारिक सत्रमा भएका छलफलहरूलाई कार्यक्रमको मुद्दा बनाउने र आवश्यकता अनुसार जिल्ला र केन्द्रमा पैरबी गर्ने काम भएकाले नागरिकमा यो कार्यक्रमले धेरै आशा जगाएको छ ।

सामुदायिक पत्रकारहरूलाई प्रशिक्षण मार्फत कस्ताकस्ता सवालहरू रेडियोबाट उठाउन सकिन्छ र कस्ताकस्ता सवाललाई उठाउनु हुँदैन भन्ने जानकारी बाँडियो । सामुदायिक रेडियो पत्रकारको जिम्मेवारी र दायित्त्वका विषयमा सबै पत्रकारलाई जानकार बनाइएको छ। त्यसैअनुसार सबैले सफल अभ्यास गर्न सकेकोमा खुसी व्यक्त गरेका छन् । सामुदायिक बाल पत्रकारलाई आचारसंहिता नै बनाएर के गर्न हुने के गर्न नहुने भन्ने कुरा सिकाइएकाले पनि उनीहरू सुरुकै अवस्थादेखि निक्कै सजक भएका थिए ।

# परिवर्तनका लागि अघि सर्दै बालबालिका
# बालबालिकाको साथमा सफलता



बालबालिकाको विषयलाई केन्द्रित गर्दै काम गरिरहेको वर्ल्ड भिजन इन्टरनेशनल नेपालले वैशाख १२, २०७२ को भूकम्पपछि भूकम्प प्रभावित जिल्लाहरूमा थुप्रै काम गऱ्यो । वर्ल्ड भिजन इन्टरनेशनल नेपालकै सहयोग र सहकार्यमा उसको कार्यक्षेत्रका सवालहरूलाई अझ प्रभावकारी ढङ्गले उठाउनको लागि सामुदायिक बाल पत्रकारितको सोचलाई अघि सारियो । सोही सोचकासाथ कार्यक्रम 'जीवनरक्षा बालसुरक्षा' को प्रसारण सुरु भयो। २०७२ सालदेखि वर्ल्ड भिजन इन्टरनेशनल नेपाल र सामुदायिक रेडियो प्रसारक संघको साझेदारीमा सामुदायिक पत्रकारिताको अभ्यास सुरु गरिएको हो । सुरुमा काठमाडौं, ललितपुर, भक्तपुर, सिन्धुपाल्चोक, सिन्धुली र गोरखा जिल्लाका बाल क्लबमा आबद्ध ६० जना बालबालिकालाई सामुदायिक सञ्चारकर्ताका रुपमा अभिमुखीकरण कार्यक्रम गरिएको थियो । जिल्लाका सरोकारवाला निकायसमेत रहेको विषयवस्तु सुझाव समूहले पहिचान गरेका विषय शीर्षकमा सामुदायिक सञ्चारकर्ता पत्रकारले आफ्नै तहमा छलफल गरेर सवाल पहिचान गर्ने र रेडियोसम्म पुऱ्याउने अनि रेडियो कार्यक्रम उत्पादकले सरोकारवाला निकायका जवाफ समेटेर रेडियो कार्यक्रम 'जीवनरक्षा बाल सुरक्षा' प्रसारण गर्नेक्रम अहिले पनि चलिरहेको छ ।

‘जीवनरक्षा बालसुरक्षा’ मार्फत बालअधिकार, बालसंरक्षण, शिक्षा, स्वास्थ्य तथा पोषण, जीविकोपार्जन, आवास, खानेपानी, सरसफाइ जस्ता बालबालिकाको अधिकारसँग जोडिएका विभिन्न विषयमा सीआईएनले देशभरका करिब साढे ४ सय समस्यालाई सम्बन्धित निकायसम्म पुऱ्याएर जवाफ खोज्ने प्रयास गऱ्यो । सुरुमा काठमाडौँ, ललितपुर, भक्तपुर, सिन्धुपाल्चोक, सिन्धुली र गोरखा जिल्लाका ६० जना बाल पत्रकार सहभागी भए भने पछिल्लो चरणमा सिन्धुपाल्चोक, नुवाकोट र गोरखामा ३० जना गरी अहिलेसम्म ९० जना बाल पत्रकार उत्पादन भइसकेका छन् । रेडियो नुवाकोट, रेडियो जालपा र रेडियो सिन्धुमा गरी तीन जना बाल पत्रकारहरू रेडियोकर्मीको रुपमा काम गर्न थाल्नु महत्त्वपूर्ण उपलब्धि हो भने अन्य बाल पत्रकारहरूले पनि व्यावसायिक अभ्यास गर्न थालेका छन् ।

वर्ल्ड भिजनसँगको साझेदारीमा सामुदायिक पत्रकारिताको अभ्यासलाई निरन्तरता दिदै सामुदायिक रेडियो प्रसारक संघले दोस्रो चरणमा गोरखा, धादिङ, नुवाकोट, सिन्धुपाल्चोक र दोलखा जिल्लामा यो कार्यक्रम सञ्चालन गऱ्यो । तेस्रो चरणमा सिन्धुपाल्चोक, गोरखा र नुवाकोटमा सञ्चालन भएको यो कार्यक्रम अहिले चौथो चरणमा यिनै तीन जिल्लामा सञ्चालन भइरहेको छ । तीन जिल्लाका गरी ३० जना बालबालिका अहिले ‘जीवनरक्षा बालसुरक्षा’ मा सामुदायिक पत्रकारका रूपमा आबद्ध भएर बालबालिकाका समस्या र अप्ठ्याराहरूलाई रेडियो कार्यक्रम मार्फत प्रस्तुत गरिरहेका छन् । उनीहरूले उठाएका ती सवाललाई जिल्लाका रेडियो र सीआईएनको केन्द्रीय प्रसारणको कार्यक्रममा पनि समेटेर हामीले समस्या समाधानका लागि पहल गरेका छौँ । भूकम्पपछि देखिएको खानेपानीको समस्या, विद्यालय बन्नमा भएको ढिलाइ, छात्रामैत्री शौचालयको अभाव, गाउँमा रहेको जातीय छुवाछुतको समस्या, बालविवाह, सबै बालबालिकाले विद्यालय गएर पढ्न नपाएको लगायतका सवाल सामुदायिक पत्रकारहरूले उठाउने गरेका छन् ।

# बदलियो विवाह गर्ने निर्णय

कुरा झन्डै एक वर्ष अघिको हो । गोरखा पालुङ्टार माझी गाउँकी १७ वर्षकी विष्णु माझीले पढाइ छोड्ने कुरा गरिन् । पढाइ छोडेर विवाह गर्ने निर्णय गरेको उनले सुनाइन् । विवाहका लागि अभिभावकको दबाब त थिएन तर उनले पढ्न मन नलागेको भन्दै आफ्नो विवाह गर्ने सोच बनेको सुनाएकी थिइन् । कक्षा ८ मा पढ्दै गरेकी विष्णुले भन्थिन्, 'पढेर को ठूलो भएको छ र ?' विष्णुसँगै पढ्ने पालुङ्टार ३ की सपना परियारलाई उनको यो कुरा सुनेर नरमाइलो लाग्यो । उनले सम्झाइन्, 'अहिले नै विवाह गर्ने बेला भएको छैन दिदी । एक त उमेर पुगेको छैन, अर्को पढाइ पनि पूरा भएको छैन ।' सुरुमा त विष्णुले सपनाको कुरा वास्तै गरिनन् । तर सपनाले सम्झाउन छोडिनन् । हेर्नुस् दिदी, 'सानै उमेरमा विवाह गर्दा अर्काको घरमा गएर धेरै काम गर्नुपर्छ । विवाहपछि बच्चा हुन्छ । उमेर नपुगी जन्मिएको बच्चा स्वस्थ पनि हुँदैन । पढाइ पूरा नभएपछि न त तपाईंको आम्दानी हुन्छ, न त श्रीमान्को । आफ्नो आम्दानी नभएपछि बच्चालाई भने जसरी हुर्काउन सकिदैन । आफ्नो स्वास्थ्यमा पनि समस्या देखिन्छ । अहिले नै विवाह गर्ने तपाईंको एउटा निर्णयले जीवनमा कति धेरै अप्ठ्याराहरू आइपर्छन् ।' सपनाले उनलाई सम्झाउन छोडिनन् । निरन्तर भनिरहिन्, भनिरहिन् ।

सामुदायिक पत्रकारका रुपमा कार्यक्रम 'जीवनरक्षा बालसुरक्षा'सँग आबद्ध सपनाले ती दिन सम्झिदै भनिन्, 'सुरुमा त मान्दै मान्नुभएन । तर मैले सम्झाउन छोडिनँ । म आमाहरूको उदाहरण दिन्थेँ । हजुरआमाहरूको दुःख सुनाउँथेँ । उहाँहरूले पढ्न नपाउँदा, सानैमा विवाह हुँदा भोग्नुपरेको अप्ठ्यारो र पीडा भन्थेँ ।' केही समयपछि दिदीको मन फेरिएछ । एकदिन मलाई सुनाउनुभयो, 'अहिले नै विहे गर्दिनँ सपना, मैले अझैं केही वर्ष विवाह नगर्ने निर्णय गरेँ ।' 'सुरुमा त मलाई विश्वासै लागेन । तर साँच्चै दिदीले विवाह नगर्ने निर्णय गर्नुभएको रहेछ, सुनेर मलाई धेरै खुसी लाग्यो । अहिले म ९ कक्षामा पढ्दै छु । दिदी पनि कक्षा ९ मा पढ्नुहुन्छ । हिजोआज नियमित स्कुल आउनुहुन्छ, कक्षा छोड्नुहुन्न । ध्यान दिएर पढ्नुहुन्छ ।'

'कम्तीमा एसएलसीसम्म यहीँ पढ्छु, अनि काठमाडौं गएर पढ्छु ।' विष्णुले भनेको कुरा सपनाले हामीलाई सुनाइन् । आफ्नो कारण बालविवाहको घटना रोकिएको कुराले सपनालाई हौसल्ला थपेको छ । भनिन्, 'म त धेरै बालबालिकाहरूलाई सम्झाउन

चाहन्छु । सानैमा विवाह गर्दाको बेफाइदाका बारेमा उनीहरूलाई भन्छु । यो सब गर्नु मेरो कर्तव्य पनि हो जस्तो लाग्छ । किन कि मैले बालविवाह गर्नु हुँदैन भन्ने कुरा बुझेको छु ।' सपना अहिले रेडियो मनासलु गोरखा मार्फत रेडियो कार्यक्रम 'जीवनरक्षा बालसुरक्षा'सँग जोडिएकी छिन् ।

●●●

# रोकियो बालविवाह

नाम सुनिता दुलाल, घर मेलम्ची नगरपालिका-२ भोटेचौर । सामुदायिक पत्रकारका रूपमा 'जीवनरक्षा बालसुरक्षा' मा आबद्ध भएर काम गरेको डेढ वर्ष मात्र भयो । आफूले बालविवाहको घटना रोक्न सफल भएको अनुभव मेरो छ । जतिबेला म एसएलसीको टेस्ट परीक्षा दिएर बसिराखेको थिएँ । गाविसस्तरीय बाल सञ्चाल समितिको सदस्य एकजना भाइको घर नजिकै विवाह हुन लागेको रहेछ । भाइले मलाई सुनाए, "दिदी मेरो घर नजिकै एकजना बालिकाको विवाह हुन खोज्दैछ ।" केटा र केटी दुबैजना एकअर्कालाई मन पराउने रहेछन् । मैले यो कुरा थाहा पाएपछि त्यो भाइसँग सल्लाह गरेँ । केटीलाई, उसको बुवाआमालाईसँगै राखेर छलफल गर्ने, त्यसो हुन सकेन भने छुट्टाछुट्टै भेटर भए पनि बुझ्नुपर्छ । सक्दो सहयोग हामीले गर्नुपर्छ, बालविवाह हुनुभनेको त एकदमै नराम्रो हो भन्ने सल्लाह भयो ।

म र मेरो साथीहरू सबै मिलेर गयौँ । हामी पुग्दा विवाहका लागि झन्डै १० दिन बाँकी रहेछ । कक्षा ८ मा पढ्दै थिइन्, उनी । उनको उमेर जम्मा १४ वर्षको मात्रै थियो । तर ढाँटेर २० वर्ष भनेर विवाह गर्न लागेका रहेछन् । हुन त हेरेर पनि सामान्यतया कति वर्षको भन्ने थाहा पाउन सकिन्छ । हामीले पत्याएनौँ र २० वर्ष नपुगी विवाह गर्न मिल्दैन भन्ने कुरा राख्यौँ ।

सुरुमा त सम्झाइ, बुझाइ गर्‍यौँ । बालिकालाई पनि भन्यौँ, उमेर नपुगी विवाह गर्न नहुने कुरा तर उनले हाम्रो कुरामा चासो देखाइनन् । पढ्न खासै रुचि नभएको र आफूले मन पराएको केटा भएकाले विवाह गर्ने जिद्दी गर्न थालिन् । केटाको घर काठमाडौँ रहेछ । उनलाई धेरै सम्झाएँ, 'धनसम्पत्ति देखेर विवाह गर्दा केहीदिन राम्रो भए पनि दीर्घकालीन रुपमा बालविवाहले क्षति धेरै निम्त्याउँछ ।' उनी दलित समुदायकी हुन् । मैले देखेअनुसार प्राय बालविवाह गरिब तथा दलित परिवारमै हुन्छ । घरबाटै परम्परा अनुसार विवाह गर्ने तयारी रहेछ । कानुनी कुरा थाहा भयो भने उनले आफ्नो निर्णय परिवर्तन गर्लिन् कि भन्ने लाग्यो ।

सम्झाउँदा उनले नमानेपछि मैले कानुनको कुरा गरें। २० वर्ष नपुगी विवाह गर्दा पुलिसले समाएर लैजान्छ भनें। त्यति गर्दा पनि मानिनन्। भागेर जाने कुरा गरिन्। कानुनको कुरा फेरि दोहोऱ्याएँ। भागेर जहाँ पुगे पनि कानुनले नछोड्ने कुरा जानकारी गराएँ। जिल्ला बाल सञ्जाल सिन्धुपाल्चोकले त्यतिबेला चिठी अभियान सञ्चालन गरेको थियो। साथीले साथीलाई चिठी लेख्ने अभियान। त्यो पेपर मसँग थियो। मैले उसलाई त्यो दिएर पढ्नको लागि भनें।

सानो उमेरमा विवाह गरेको, बच्चा खेर गएको, स्वास्थ्यमा धेरै समस्या देखिएको, केटाले जाँडरक्सी खाएर कुटेको, परिवारले हेला गरेको, छरछिमेकबाट पनि अपहेलित हुनुपरेको कुरा त्यो चिठीमा लेखिएको थियो। त्यो चिठी पढेपछि सायद त्यहाँ लेखिएको कुराले उसलाई छोयो। तर अभिभावकले सम्पत्ति भएको केटा पाउँदा किन विवाह नगर्ने भन्नेजस्तो कुरा गरे। हामीले उनको अभिभावकलाई पनि सम्झायौं। त्यसपछि अभिभावकले मसँग गुनासो गरे। छोरी नियमित पढ्न नजाने गरेको कुरा, विद्यालय जाने भनेर अन्तै जाने गरेको भन्नुभयो। त्यसपछि उसलाई छुट्टै बोलाएर हामीले सम्झायौं। त्यसपछि उनले कम्तिमा दुई वर्ष अझै पढ्छु, विवाहको कुरा सोच्न परे त्यसपछि मात्रै सोच्ने भनिन्। हिड्ने बेलामा उनले मसँग क्षमा माग्दै आफूलाई निरन्तर भेटिरहन र गलत बाटोमा लागे सम्झाउन भनिन्। उनको कुरा सुनेर मलाई खुसी लाग्यो। विवाह रोक्न सहयोग गरेकोमा मैले बालसञ्जालको भाइ र मेरा साथीहरूलाई धन्यवाद दिएँ।

मलाई लाग्छ, पछिल्लो समय अभिभावकको करकापमा भन्दा पनि बालबालिका आफैले गर्ने विवाह बढ्दैछ। धेरै बालबालिकालाई उमेर नपुगेर विवाह गर्दाको बेफाइदा थाहै छैन। विद्यालयका पुस्तकहरूमा यस्ता विषय समेट्न सके राम्रो हुनसक्छ। त्यो बेला हाम्रो जिल्लामा चलेको चिठी अभियान निकै प्रभावकारी भएको थियो। बालविवाह अन्त्यका लागि धेरै यस्तै फरक खालका अभियान सञ्चालन गर्नसके राम्रो हुन्छ जस्तो लाग्छ।

●●●

# हट्यो खानेपानीको समस्या

गोरखाको पालुङटार २ हर्मिकोटको दलित बस्ती । ३७ परिवार बसोबास गर्छन्, यो गाउँमा । गएको जेठमा हामी गाउँमा पुग्दा स्थानीयले खानेपानीको समस्या सुनाएका थिए । ३७ घरमध्ये २० घरमा धारा थियो । तर नियमित पानी आउँदैनथ्यो । पानीको कारण गाउँमा आपसमा विवाद हुने गरेको उनीहरूले भनेका थिए । धारामा पानी नआएपछि पानी लिन आधा घण्टा पर कपानी भन्ने ठाउँमा कुवामा जानुपर्ने, पानी लिएर आउँदा छोराछोरी स्कुल पठाउन अबेला हुने गुनासो थियो, उनीहरूको । स्थानीय पार्बती परियारले भन्नुभएको थियो, 'कपानीमा पनि धेरै बेर लाइन लाग्नुपर्छ, कहिले त त्यहाँ नि पाइदैन । लक्सी पँधेरो छ । डाँडागाउँमा, यही २ नम्बर वडामा, त्यहाँ जाँदा पनि सफा पानी पाइँदैन ।' घरघरमा धारो, घरघरमा ट्वाइलेट भनेर सञ्चारमाध्यम, नेता तथा सरकारका प्रतिनीधिले भने पनि आफूहरूले भने पानीकै लागि सङ्घर्ष गर्नुपरेको पार्बतीले गुनासो गर्नुभएको थियो ।

उहाँहरूको समस्या सुनिसकेपछि हामीले कार्यक्रम 'जीवनरक्षा बालसुरक्षा' मा त्यो विषयलाई उठायौँ । पालुङ्टार नगरपालिकाका मेयर दीपक कंडेलसँग कुराकानी गर्‍यौँ, समस्या समाधानका लागि नगरपालिकाले के गर्छ ? भन्दा जेठको ३१ गते उहाँले कार्यक्रम 'जीवनरक्षा बालसुरक्षा'मा हामीसँग प्रतिबद्धता गर्नुभएको थियो, केही दिनमै आफूले त्यो समस्या बुझ्ने र काम गर्ने भनेर । अहिले हर्मिकोटमा खानेपानीको समस्या पहिले जस्तो नरहेको स्थानीय निर्मला परियारले बताउनुभयो । उहाँले भन्नुभयो, '७ घरले नयाँ धारा जोडेका छन्, अरु पनि बन्नेक्रममा छन् । पुराना धारामा पनि पहिले जस्तो पानी नआउने हुँदैन ।' पानीले अहिले गाउँका मानिसको बानी समेत सुधारिएको निर्मलाले सुनाउनुभयो । परियारले भन्नुभयो, 'पहिले नियमित पानी नआउँदा झगडा हुन्थ्यो, अहिले त ओरालोका मान्छेले पानी भरेपछि बन्द गरिदिन्छौं अनि उकालोका मानिसले भर्छन् ।' आवश्यकताभन्दा बढी पानी खर्च नगर्ने, पानी जतन गर्ने बानीको पनि विकास भएको उहाँले भन्नुभयो ।

पानीको लागि घण्टौँ कुर्नु नपरेपछि अहिले समयमै घरको काम भ्याएर अन्य काममा हिड्न सहज भएको अनुभव निर्मलाले हामीसँग बाँड्नुभयो । पानीको समस्या समाधान भएसँगै बच्चाहरूलाई समयमै स्कुल पठाउन नसक्ने समस्या पनि हटेको उहाँको भनाइ थियो । वडा नम्बर २ का वडा अध्यक्ष लोकनाथ वाग्लेले निरन्तर खटेर पानीको समस्या समाधानका लागि पहल गर्नुभएको हर्मिकोटकी निर्मलाले हामीलाई

भन्नुभयो । 'जीवनरक्षा बालसुरक्षा' मार्फत आएको सकारात्मक परिवर्तनको केही उदाहरण हो यो । बालबालिकाहरू आफ्ना समस्या पहिचान गरी समाधानका लागि पहल गर्न आफै अग्रसर बनिरहेका छन् । तर कहिलेकाहीँ उनीहरूले गुनासो पनि गर्छन् । समाजका गन्यमान्य र ठूला भनिएका व्यक्तिले 'केटाकेटी भएर किन जान्ने हुनुपऱ्यो ?' भन्दा त्यस्ता कुराले आफूहरू निरुत्साहित हुने बताउँछन्, सामुदायिक पत्रकारहरू । गोरखा अजिरकोटकी मनमाया विकले भन्नुभयो, 'सकारात्मक परिवर्तनका लागि बालबालिकाले गरेको काममा ठूलो मान्छेले हौसला थप्नुपर्नेमा कतिपयले विश्वासै गर्दैनन् । त्यस्तो बेलामाचाहिँ नरमाइलो लाग्छ ।' सिन्धुपाल्चोककी गङ्गा तामाङले भन्नुभयो, 'परिवर्तन् गर्नुपर्ने विषय थुप्रै छ । सुरुमा त घरमै परिवर्तन ल्याउनपर्नेछ । हामी प्रयास गर्दैछौँ । घरसँगै विद्यालय र गाउँमा पनि परिवर्तन गर्नुपर्ने विषय थुप्रै छन्, हामी बालबालिकाको ।' हरेक महिनाको दुई पटक स्थानीय रेडियोले गाउँमा पुगेर स्थानीयसँग छलफल पनि गर्ने गरेको छ । बालबालिकाहरूको यो उत्साहले हामीलाई पनि कार्यक्रम 'जीवनरक्षा बालसुरक्षा' सञ्चालनमा हौसला थपेको छ ।

●●●

# स्वस्तीका रेडियो कार्यक्रम सञ्चालक बन्न सफल



• दिपक खत्री
रेडियो सिन्धु

२०७२ वैशाख १२ गतेको भूकम्प गोरखा केन्द्रविन्दु भए पनि सिन्धुपाल्चोक सबैभन्दा वढी भौतिक र मानवीय क्षति भएको जिल्ला हो। हामी रेडियोकर्मी भूकम्पपछि लगत्तै जिल्लामा भूकम्पले पारेको प्रभाव र नागरिकको अवस्था जान्न विभिन्न गाउँगाउँमा पुग्थ्यौं। सबै त्रसित मानसिकतामा थिए। बालबालिका त झन् बढी त्रास र अन्यौलमा थिए। गाडी गुडेको आवाज सुन्दा, आकास अँध्यारो हुदा पनि भूकम्पको डरले बालबालिकाको मन भित्र डर पैदा गर्दथ्यो। यस्ता दृष्य देख्दा, सुन्दा भूकम्प मात्र नभएर यस्ता अन्य विपत्मा पनि बालबालिका वढी प्रभावित हुन्छन् भन्ने कुरा हामीले पढेका त थियौं। लगत्तै वर्ल्ड भिजन इन्टरनेशनल नेपाल र सामुदायिक रेडियो प्रसारक संघद्वारा सञ्चालित सीआईएनको समन्वयमा रेडियो कार्यक्रम 'जिवन रक्षा बालसुरक्षा' सुरु गरियो। हामिले कार्यक्रममा विपत्मा बालबालिकालाई पर्ने अफठ्याराका बारे सवाल उठाउन थाल्यौं। भूकम्प लगतै अभिभावक गुमाएर अनाथ भएका, आर्थिक अवस्था कमजोर भएको मौका छोपेर बालबालिका एक ठाउँबाट अर्को ठाउँमा लैजाने र श्रमका लागि बेचिने घटना हुन थालेपछि 'जीवनरक्षा बालसुरक्षा' कार्यक्रम त्यसैमा केन्द्रित गर्‍यौं। यो कार्यक्रम नागरिकमा सचेतता फैलाउन निकै प्रभावकारी मात्र भएन, कुनकुन समयमा केके गर्नु पर्दछ, बालवालिकाको चाहनालाई कसरी सम्बोधन गर्नु पर्दछ भन्ने सवालहरू निरन्तर दिने कार्यक्रमको रुपमा सिन्धुपाल्चोकमा प्रसिद्ध भयो। बालविवाह, पोषण, बाल मनोविज्ञान, बालबालिका केन्द्रित बजेट, कार्यक्रमहरूमा बाल सहभागिता लगायतका पक्षमा उत्पादन गरेका कार्यक्रम समुदायका लागि महत्त्वपूर्ण र उपयोगी बन्न पुगेका छन्।

'जीवनरक्षा बालसुरक्षा' कार्यक्रमको लागि मैले उत्पादकको जिम्मेवारीमा काम गरेँ। कार्यक्रम निमार्णका क्रममा म आफैले सिकेका विषय र मेरै जीवनमा पारेका प्रभाव पनि छन्। अझ हामीसँग जोडिएर १० जना बालबालिका सामुदायिक पत्रकारको रुपमा समुदाय र जिल्लामा नै सक्रिय छन्। उनीहरूले आफ्नो समुदायका सवाल उठाएर कार्यक्रमको लागि पठाउने गरेका छन्। उनीहरूले उठाएको समुदायको सवाल र उनीहरूकै व्यक्तित्व विकास हाम्रो रेडियो कार्यक्रम तथा परियोजनाको उपलब्धि हो। सामुदायिक पत्रकारितालाई उनीहरूले बोझ सम्झेका छैनन्। उनीहरूको अध्ययनलाई यसले थप हौसला प्रदान गरेको अभिभवकहरूको भनाइ रहेको छ।

पढ्दै, खेल्दै उनीहरूले आफ्ना समुदाय र गाउँठाउँका सवाल उठाउने गरेका छन् । सामुदायिक पत्रकारिता गर्नु भएकी स्वस्तीका श्रेष्ठ रेडियोमा अहिले 'बाल संसार' नामक रेडियो कार्यक्रम सञ्चालन गर्नु हुन्छ । यो सामुदायिक बाल पत्रकारिता परियोजनाको ठूलो उपलब्धि र प्रत्यक्ष देखिएको प्रभाव हो ।  कार्यक्रममा हामीसँग रहेका सामुदायिक पत्रकारहरूले आफैलाई परेका विषय समेत उठाउने गरेका छन् । म फिल्डबाट फर्केर रेडियो स्टेसनमा आएर आवाजहरू सम्पादन गर्दै थिएँ । मोवाईलमा गङ्गा तामाङ सीजे सेभ गरेको नम्बरबाट आएको फोन उठाएँ । 'दाइ हामी यो हप्ता जातीय छुवाछुत र यसले बालबालिकामा पर्ने प्रभावबारे कार्यक्रम बनाउँ हुदैन त ?' उहाँले प्रश्न गर्नुभयो । उहाँको सल्लाहले म भित्रभित्रै खुसी भएँ । 'अनि के के विषय स्रोतालाई पस्कन सकिन्छ केही सोच्नु भएको छ कि ?' भने । 'म नाटक लेख्छु ,सहयोग गर्नुपर्छ ।' जवाफ आयो । 'नाटक नै किन ?' मैले प्रश्न गरेँ।' किन कि ५ वर्षको रेडियो यात्रामा नाटक लेखन भनेपछि मलाई दाँतबाट पसिना छुट्थ्यो । रेडियो सुन्नेले सजिलै बुझ्छन्  र सुन्छन् पनि । मैले उहाँको आत्मविश्वासलाई बढाएँ । नाटकको क्षेत्रमा दख्खल राख्ने रेडियोमा नाटक लेखन हेर्नुहुने नवराज गजुरेलको नम्बर पनि उपलग्ध गराएँ अनि 'गाउँमै सामुदायिक छलफल गर्नुस्' भने ।

कार्यक्रम तयार पार्नेक्रममा म अडियो सम्पादन गर्न बसेँ, उहाँले गर्नुभएको छलफल म सम्पादन गर्न रेकर्डरबाट सामग्री कम्प्युटरमा खनाएँ । छिमेकीलाई तपाई दलित भएको कारण कसैले विभेद गरेको छ भन्ने प्रश्नमा जवाफ थियो, 'तेरै आमाले यस्तो गर्छे , अस्ति धारामा मेरो छोराले खाजा छुँदा झन्डै मारेन ।', म यो वाक्यमा अड्किएँ अनि गङ्गाले किन यो विषयमा कार्यक्रम गरौं भनेर प्रस्ताव गर्नुभयो, थाहा पाएँ । यसरी बालबालिकाले आफ्नै र समुदायको सवाल कार्यक्रममा उठाउँदा त्यसले राम्रो प्रभाव पारेको छ । आज उनीहरूलाई समाज, परिवार, विद्यालयले अगाडि बढ्न प्रोत्साहन गरिरहेका छन् ।

सामुदायिक पत्रकारमा मात्र हैन मेरै परिवारमा कार्यक्रमले सोच्ने तरिकामा केही परिवर्तन ल्याएको छ भने यसको प्रभाव समुदायमा पनि अवश्य छ । छोरा र छोरीबीच गरिने विभेदका बारेमा कार्यक्रम बनाएको थिएँ । तपाईले, हामीले आफ्नै घरमा, आफ्नै परिवारका सदस्यहरूसँग, केटाकेटीहरूसँग गरेको सानोसानो नदेखिने खालका व्यावहारले पनि उनीहरूमा विभेदको भावना विकास हुन्छ । कतिपय बेला नजानीकनै पनि यस्ता कार्यहरू हुनसक्छन्, भन्नेमा कार्यक्रम केन्द्रित थियो । छोरीले यो काम गर्नपर्ने, छोराले नगरे पनि हुने, छोराले यस्तो खेलौना खेल्नुपर्छ, छोरीले

खेल्न हुँदैन । हाम्रा केटाकेटी जन्मनेबित्तिकै अझ भनौं गर्भमा रहँदादेखि नै हामीले समानताको कुरा गर्नुपर्छ । त्यस्तै कुरा सोच्नुपर्छ । त्यो सोचलाई व्यवहारमा उतार्नु पनि पर्छ । यस्ता विभेदमा कार्यक्रम केन्द्रित थियो । मेलम्चीकी किशोरीले कार्यक्रममा आफूले भोगेको कुरा पनि सुनाएकी थिइन् ।

सोमबारको दिन थियो, कार्यक्रम साढे ६ बजे बज्यो, घर पुग्दा आमा खाना कुरेर बस्नु भएको रहेछ । कार्यक्रमको विषयले आज उहाँलाई पुरानो दिन सम्झाएछ । मेरो तीन जना दिदीहरू अनि म । दिदीहरू सरकारी स्कुलमा पढ्नुहुन्थ्यो मलाई भने छोरा भएकै कारण निजी स्कुलमा भर्ना गरिएको थियो । यतिसम्म कि यूकेजी पढ्दै गर्दा जङ्गलको बाटो हुँदै स्कुल आउनुपर्थ्यो । बुबा जागिरमा, आमा खेतीकिसानी, मलाई स्कुल पुऱ्याउन कान्छी दिदी मसँगै आउनुहुन्थ्यो तर पढ्न हैन, पुराउन । दिनभरि स्कुलको गेटमा कुरेर दिदीले आफ्नो पढाइ महिनौं छुटाउनु भएको छ । आज यही विभेद मैले किन गरें, आमाको मनमा लागिरहेको थियो । विगत जे भो छाड्नुपर्छ अबका पिढीँले यस्को गन्ध पनि पाउनुहुन्न भन्ने मेरो आशयले आमाको मनलाई केही राहत मिल्यो । यसरी हेर्दा साना लाग्ने तर जीवनमा प्रभाव पार्ने विषयमा बोलेर केही परिवर्तन ल्याउनु नै मलाई उपलब्धि लाग्दछ ।

●●●

# सामुदायिक बाल पत्रकारिता गोरखा जिल्लाको सिकाइ



• दिपक जलन
रेडियो मनासलु

मैले पत्रकारिताको सुरुवात गरेको करिब १३ वर्ष पुग्नै लागेछ । रहरले पत्रकारिता सुरु गरेको मैले बिस्तारै यही क्षेत्रलाई मेरो जीवनको मुख्य पेसा बनाउन पुगेँ । पत्रकारिता क्षेत्रमा त्यति लामो अनुभव नभए पनि समाजका हरेक क्षेत्र, वर्ग, लिङ्ग र समुदायसँग नजिक भएर त्यसलाई अध्ययन गर्ने र बुझ्ने मौका पाएको छु । यस बीचमा अनेकौं चुनौतीहरू पनि आए र कैयौं अवसरहरू पनि । पत्रकारिता क्षेत्रको यिनै आरोह-अवरोहमा आएका चुनौतीले मलाई दृढ बनायो भने अवसरले हौसला प्राप्त भइरह्यो । कलम चलाउनहरूले यो या त्यो मात्र होइन हरेक क्षेत्रलाई राम्रोसँग बुझ्नु त जरुरी छँदैछ त्यसलाई समाजमा बुझाउन सक्ने गरी पस्कन सक्नु हाम्रो अर्को जिम्मेवारी पनि हो । पत्रकारले त्यसलाई राम्रोसँग बुझ्न सकेन भने हामीले आफैले आफैलाई बुझ्न नसके जस्तो हुन्छ । जिम्मेवारीको हिसावले अहिले गोरखा जिल्लाको सामुदायिक रेडियो, रेडियो मनासलु १०३.९ मेगाहर्जको स्टेसन प्रमुखको रूपमा कार्यरत छु ।

सामुदायिक रेडियो भएकाले पनि समुदायले हामीलाई हेर्ने दृष्टिकोण अझ सकारात्मक हुन्छ, जसले हामीलाई गौरवान्वित महसुस गराउँछ । सामुदायिक रेडियोले समुदायले खोजेको दिनु र समुदायलाई नै सुसूचित गराउनु प्रमुख ध्येय हुन्छ । समाज भित्र लुकेर रहेका विषयवस्तुलाई समुदायस्तरबाट उजागर गराउन नेपाली मूलधारको पत्रकारिताका लागि पनि त्यति सजिलो छैन । यो बीचमा सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) को समन्वय र वर्ल्ड भिजन इन्टरनेशनल नेपालको साझेदारीमा रेडियो मनासलु १०३.९ मेगाहर्जले रेडियो कार्यक्रम 'जीवन रक्षा, बाल सुरक्षा' उत्पादन एवम् प्रसारण गर्ने एउटा सुनौलो अवसर प्राप्त गऱ्यो । बालबालिका भन्ने बित्तिकै नेपाली समाजले हेर्ने दृष्टिकोण अलि फरक छ ।

उनीहरूले केही गर्न सक्दैनन् भन्ने आम धारणा हाम्रो समाजमा छ । तर यो कार्यक्रमको उद्देश्य अलि फरक, बालबालिकाहरूले आफ्ना लागि उनीहरू आफैले केही गर्न सकून्, उनीहरूले आफ्नो क्षेत्रमा भएका बिभिन्न समस्याहरूलाई आफैले उठाउन सकून् र रेडियो कार्यक्रम मार्फत आम समुदायमा पुऱ्याउन सकियोस् भन्ने यो हाम्रा लागि अवसर र चुनौती दुवै थियो । रेडियो कार्यक्रम उत्पादनका लागि समुदायस्तरमै

पुगेर बालबालिकाहरूलाई सँगै राखेर सरोकारवालाहरूबीच छलफल गरी कार्यक्रमको विषयवस्तु निर्धारण गर्ने विधि हामीले अवलम्वन गऱ्यौं । जसका लागि वर्ल्ड भिजन इन्टरनेशनल नेपाल, सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) र रेडियो मनासलुले गोरखा जिल्लामा १० जना सामुदायिक बाल पत्रकारहरूको छनोट गरी १ दिने अभिमुखीकरण तालिम प्रदान गरियो । तालिममा दिइएका सवै कुरालाई बालबालिकाहरूले उठाउन सक्लान् कि नसक्लान् ? व्यवहारमा कार्यान्वयन गर्न सक्लान् किन नसक्लान् ? र समुदायले विश्वास गर्ला कि नगर्ला ? भन्ने विषय थप महत्त्वपूर्ण थियो । कार्यक्रम उत्पादनका लागि छनोट भएका सामुदायिक पत्रकारहरूलाई विषयवस्तु उठाउने विधि, छलफलका एजेण्डा र सरोकारवाला निकायका बारेमा जानकारी दिँदै पटकपटक समुदायमा पुग्यौं ।



मेरो पत्रकारितामा अहिलेसम्म एउटै रेडियो कार्यक्रमले यति छिट्टै प्रभाव पारेको अनुभव पहिलो पटक गर्न पाएको छु । सामुदायिक बाल पत्रकारिताको यो अभ्यासले अहिले समाजलाई रुपान्तरण मात्र गरेको छैन यसले नेपाली पत्रकारितालाई फरक धारबाट विकास गर्दै पत्रकारिता क्षेत्रमा नयाँ जनशक्ति समेत विकास गरिरहेको छ । गोरखा जिल्लामा सामुदायिक पत्रकारिताको अभ्यास गर्दा यसले समाजलाई रुपान्तरण गर्दै बालमैत्री समाज निर्माणका लागि सामुदायिक बाल पत्रकारहरूले समाजमा लुकेर रहेका, तथा मूलधारको पत्रकारिताले उठाउन नसेको सवालहरूलाई समेत उठाएका छन् । गोरखा जिल्लामा सामुदायिक बाल पत्रकारहरूले उठाएका

सवालहरूले दीर्घकालीन मात्र होइन तत्कालीन परिवर्तनको महसुस हुनेगरी काम समेत भएका छन् । सामुदायिक पत्रकारहरूले गोरखामा बालश्रमिकका सवाललाई उठाउँदै गर्दा जिल्लामा यसअघि हुन नसकेको बालश्रमिकको अवस्थाको अनुगमन गर्न सम्बन्धित निकायको ध्यान जानु, बालिकाहरूमाथि हुने गरेका बलात्कार र हिंसाका घटनालाई रेडियो कार्यक्रम मार्फत उठान गर्दा त्यसका न्यूनीकरणका लागि जिल्लास्तरमा छलफलको सुरुवात हुनु यही कार्यक्रमको प्रतिफल हो । नेपालका कतिपय सामुदायिक रेडियोहरूले अन्य देशमा जस्तो फरक अभ्यास गर्न बाँकी नै छ । उत्पादन, प्रसारणका हकमा समुदायस्तरमा पुगेर कसरी नतिजाउन्मुख कार्यक्रम निर्माण गर्न सकिन्छ भन्ने अभ्यास पनि यो कार्यक्रम उत्पादन र प्रसारणका क्रममा अनुभूत भएका छन् ।

सामुदायिक बाल पत्रकारिता मार्फत राज्यको जिम्मेवार निकायलाई थप जिम्मेवार बनाउँदै समाज रुपान्तरणमा कसरी भूमिका खेल्न सकिन्छ भन्ने सिकाइ प्राप्त गर्नु पनि यसको अर्को सकारात्मक पाटो बन्न पुगेको छ । सामुदायिक बाल पत्रकारिताको अभ्यासका क्रममा बालबालिकाले उठाएका सवाललाई समुदायले अपनत्त्व ग्रहण गर्नुले पनि यसको महत्त्वलाई थप पुष्टी गरेको छ भने अभिभावकहरूमा आफ्ना बालबालिकाप्रति भरोसा बढेको छ ।

गोरखामा वर्ल्ड भिजनको सहयोगमा सञ्चालन भएका कार्यक्रममध्ये सामुदायिक पत्रकारिताको अभ्यास मार्फत बालबालिकाहरूको क्षमता विकास,नेतृत्त्व विकास र उनीहरूलाई सामाजिक हिसावले सक्रिय बनाइएको पाइयो । अघिल्ला दुई चरणको कार्यक्रम रेडियो गोरखाले गऱ्यो भने पछिल्लो चरणको कार्यक्रम गर्ने अवसर रेडियो मनासलु एफएम १०३.९ मेगाहर्जले पायो । जुन रेडियोले गरे पनि हरेक हप्ताको बुधबार साँझ ६ बजेदेखि ६:३० बजेसम्म र पुनः प्रसारण बिहिबार बिहान ८ बजेदेखि ८:३० बजेसम्म प्रसारण हुनेगरी रेडियो कार्यक्रम 'जीवनरक्षा बालसुरक्षा' उत्पादन र प्रसारणको समय कुरेर बस्ने धेरै स्रोताहरू भेटिनुभयो । कार्यक्रम उत्पादन र प्रसारण गर्न सम्झौता गरेसँगै रेडियो कार्यक्रमलाई कसरी प्रभावकारी बनाउन सकिन्छ भन्ने विषयमा वर्ल्ड भिजन इन्टरनेशनल नेपाल, सामुदायिक रेडियो प्रसारक संघ(अकोराब) र रेडियो मनासलुबीच पटकपटक छलफल भयो । चिसो मौसम त्यसमाथि पनि अस्थायी टहरा भित्र बस्न बाध्य भूकम्प पीडित बालबालिकाका सवाललाई कार्यक्रमको पहिलो शृङ्खलामा उठाउने निर्णय गरियो र सन्दर्भसामग्रीहरू सङ्कलनका लागि काम सुरु भयो । पहिलो शृङ्खलाको कार्यक्रम कस्तो बन्ला भन्नेमा हामी आफैलाई पनि चासो थियो तर कार्यक्रम उत्पादन एवम् प्रसारणका क्रममा सुरुमा अलि बढी समस्या भए पनि अन्ततः कार्यक्रम निर्माणको हिसावले राम्रो बन्यो र विषयवस्तुको प्रभावकारितालाई स्रोताले

रुचाइदिनु हाम्रो लागि पुरस्कार जस्तै भयो । जसका कारण अन्य सबै भाग रेडियो कार्यक्रम 'जीवनरक्षा बालसुरक्षा' प्रभावकारी बन्न पुग्यो । अझ रेडियो कार्यक्रमको प्रचारका लागि रेडियो आफैले प्रोमो निर्माण गरी प्रसारण गरेपछि सरोकारवाला बालबालिकाको क्षेत्रमा काम गर्दै आएका संस्थाहरूले आफू पुगेका ठाउँमा भएका समस्यालाई कार्यक्रम मार्फत उठाइदिन हामीलाई टेलिफोन मार्फत आग्रह गरिनुले पनि कार्यक्रमको प्रभावकारितालाई सहजै अनुमान गर्न सजिलो भयो ।

कार्यक्रम प्रसारण गर्दै जाँदा हामीले कार्यक्रमको पाँचौ शृङखलामा बाल श्रमिकका आवाज उठाएका थियौँ । कलमकापी च्यापेर विद्यालय जानुपर्ने अवस्थाका बालबालिकाहरू इँट्टाभट्टा, होटल, सार्वजनिक यातायातलगायतका क्षेत्रमा बाल श्रम गरिरहेका थिए । जिल्लामा बालश्रमको अवस्था कस्तो छ भनेर बुझ्नका लागि हामी जिल्लाका केही इँट्टाभट्टा तथा होटलमा पुग्यौँ । विशेषत: इँट्टाभट्टामा बालश्रमको अवस्था उल्लेखनीय सङ्ख्यामा भेटिएपछि हामीले तुरुन्तै उक्त विषय उठाएर बालबालीकाको पुनर्स्थापनाका लागि जोड दिने भन्ने बारेमा छलफल गऱ्यौँ । तुरुन्तै विषय उठाउँदा बालबालिकाको गासबासको समेत समस्या हुने भएकाले हामीले  स्थलगत रिर्पोटसँगै बाल श्रमिक विशेष कार्यक्रम शृङ्खला तयार पाऱ्यौं । सो रेडियो कार्यक्रमको प्रभावले महिला तथा बालबालीका कार्यालयलगायतको टोली गत फागुन २२ मा बाल श्रमको अवस्थाबारे अनुगमन गर्न बाध्य भयो ।

●●●

# बाल पत्रकारिताले कैयौँ विद्यार्थीमा उत्प्रेरणा

गोरखाको अजिरकोट गाउँपालिका -३ को हंसपुरमा पुग्दा त्यहाँका केही अभिभावक र शिक्षकहरूसँग कुराकानी गर्ने मौका पाइयो । त्यहाँको भच्चेक प्राविका प्रधानाध्यापक इश्वरीप्रसाद अधिकारले सामुदायिक बाल पत्रकारहरूको सक्रियता देखेर आफूलाई गर्व महसुस भएको बताउनुभयो । ‘बाल पत्रकारले विद्यालयकै इज्जत बढाएका छन् ।’ उहाँले भन्नुभयो,‘मेरै विद्यालयका विद्यार्थी भाइबहिनीहरू यति टाठाबाठा भइसकेछन्, अब हामी पनि विद्यालयलाई बालमैत्री बनाउन उनीहरूसँग छलफल गरेर अघि बढ्छौँ ।’ उहाँ मात्र होइन, अर्का शिक्षक राजेन्दबाबु गुरुङले सामुदायिक पत्रकारलाई देखाउँदै गर्वकासाथ पटक-पटक भन्नुभयो, ‘यिनीहरू दुवै जना बाल पत्रकार अहिले मेरै बिद्यालयमा पढ्दैछन् नि ! यी दुई जनाले पूरै विद्यालय र शिक्षकहरूलाई उत्प्रेरित गरिरहेका छन् ।’ उहाँको भनाइ सुन्दा लाग्थ्यो सामुदायिक बालपत्रकारहरू प्रति शिक्षकहरूले धेरै गर्व महसुस् गरिरहेका छन् ।

भच्चेक मात्र होइन कार्यक्रम उत्पादनका क्रममा गोरखाको अजिरकोट, सिराचोक गाउँपालिका र पालुङटार नगरपालिकाका बिभिन्न वडाहरू पुग्दा पनि शिक्षक, अभिभावक र स्थानीयले त्यस्तै अनुभव सुनाए । अजिरकोट गाउँपालिका वडा नम्बर १ को ध्याचोकमा पुग्दा मिलिम प्राथमिक विद्यालयका प्रधानाध्यापक होमनाथ अधिकारी एउटा कार्यक्रममा व्यस्त हुनुहुन्थ्यो । त्यहाँकी सामुदायिक बाल पत्रकार मनमाया बिकले सरोकारवालाहरूको बैठक बोलाउनु भएको थियो । हामी त्यहाँ पुग्दा प्रधानाध्यापक अधिकारीले उक्त कार्यक्रमलाई केहीबेर रोकेर हामीलाई समय उपलब्ध गराउनु भयो र बैठकमा सहभागी हुनुभयो । बैठक चल्दै गर्दा उहाँले बाल पत्रकारहरूले आफूहरूले समेत वर्षौंदेखि उठान गर्न नसेका विषयवस्तुलाई रेडियो कार्यक्रम मार्फत उठाएको र समाधान खोजेको भन्दै खुसी व्यक्त गर्नुभयो । बाल पत्रकार मनमाया बिकका कान्छी आमा सुन्तली बिकले पनि मनमायाले गाउँभर आफ्नो इज्जत बढाउने काम गरेको बताउनुभयो ।

यस्ता उदाहरण धेरै छन् जहाँ सामुदायिक बाल पत्रकारहरूले उठाएका विषयवस्तुहरूमा त्यस क्षेत्रका शिक्षक, अभिभावक र सरोकारवालाहरू खुसी भएका छन् । गोरखाको पालुङटार नगरपालिका वडा नम्बर ५ का वडाध्यक्ष दीपक पाण्डेले बाल पत्रकारहरूको सक्रियताले आफूलाई पनि बालबालिकाका लागि के-के गर्न सकिन्छ भनेर सोच्न बाध्य बनाएको बताउनुभयो । उहाँले भन्नुभयो ‘अबको आर्थिक वर्षमा बजेट बिनियोजन गर्दा म बालबालिकाहरूसँगै बसेर उनीहरूको आवश्यकता पूरा गर्न प्रतिबद्ध छु ।’ गोरखाका पत्रकार किरण लोहनी आफूहरूले उठाउन नसकेको धेरै सवाल बालबालिकाले उठाएको र बाल पत्रकारहरूले समुदायका वास्तविकतालाई उठाउन सकेको बताउनुहुन्छ । यस्ता धेरै उदाहरण छन् जहाँ सामुदायिक बालपत्रकारहरूले आ-आफनो क्षेत्रमा खेलेको भूमिकाले समाजलाई सचेत बनाएको छ ।

●●●

# सामुदायिक पत्रकार भएपछि निडर भएर बोल्न सक्ने भएँ


• सुबास रिजाल
सी.जे.

म सिद्धी कमलादेवी माध्यमिक विद्यालयमा कक्षा १० मा पढ्छु । आज म मेरो समुदायमा सामुदायिक पत्रकार हो भनेर परिचित छु । यसरी आफूलाई परिचित गराउन पाउँदा मलाई खुसी लागेको छ । म आफ्नो नियमित पढाइसँगै बाहिरी क्रियाकलापहरूमा पनि रुचि राख्थेँ । बाल क्लबमा आवद्ध भएर विभिन्न कार्यक्रमहरूमा भाग पनि लिन्थेँ । सँगै विभिन्न कार्यक्रमहरूमा सहभागी हुने अवसर समेत पाउथेँ । तर मलाई क्षमता, ज्ञान, सीप, प्राप्त गर्नका लागि सामुदायिक पत्रकार भएपछि झन् अवसर मिल्यो । अझ सजिलो भयो । पहिलेभन्दा धेरै कुरा सिक्ने अवसर पाएँ । सामुदायिक पत्रकार भएपछि समाजमा भएका राम्रानराम्रा दुवै पक्षलाई बाहिर ल्याउन प्रयास गरेँ । अहिले बालबालिकाको समस्या कस्तो छ, उनीहरूका लागि अभिभावकले गर्नुपर्ने काम के के हो, विद्यालयले गर्नुपर्ने काम के के हो, बालबालिकाका अधिकारहरू के के हुन्, उनीहरूले पढ्न, खेल्न, पेटभरि खान, सुरक्षित ठाउँमा बस्न पाएका छन् कि छैनन् भन्ने कुरा रेडियो मार्फत सुनाउन पाउँदा मलाई खुसी लाग्छ । उनीहरूले आफ्नो अधिकार पाएका छैनन् भने किन पाएनन् ? भनेर सम्बन्धित ठाउँमा प्रश्न सोध्नसक्ने भएको छु, सायद सामुदायिक पत्रकार नभएको भए मैले यसो गर्न सक्ने थिएन । अनि यो कुरा म आफ्ना साथीहरूलाई पनि सुनाउँछु । बालबालिकाका अधिकार र कर्तव्यका विषयमा हामीले थाहा पाइराख्नुपर्ने कुराहरूका विषयमा उनीहरूलाई भन्छु ।

सामुदायिक पत्रकार भएपछि आफ्नो क्षमतालाई अझैं विकास गर्दै जाने अवसर पाएको छु । साथै बोल्ने कलाको विकास भएको छ । हिजोआज म धेरै मानिसहरूको बीचमा बसेर बोल्न सक्ने भएको छु । बालबालिकाको विषयमा सरोकारवालाहरूलाई राखेर छलफल चलाउन सक्ने भएको छु । साँच्चै भन्नुपर्दा म निडर भएर बोल्न सक्ने भएको छु । मेरो परिवार मध्यमवर्गीय हो । आर्थिक अवस्था त्यति राम्रो छैन । बाबुआमाले दिनभरि काम गरेर ल्याएको ज्यालाले मुस्किलले मेरो परिवारको छाक टर्छ । यस्तो अवस्थाको सामना गर्दै पढाइलाई निरन्तरता दिन सकेकोमा आफैलाई खुसी लाग्छ । अर्को खुसीको कुरा के पनि हो भने, आर्थिक अवस्था कमजोर भए पनि मेरो बुवाआमाले मलाई पढाउनुभयो, पढ्नुपर्छ भन्ने चेतना ममा भरिदिनु भयो । म जस्तै मध्यम वर्गीय र निम्न वर्गीय परिवारका धेरै बालबालिकाका लागि मैले काम गर्नुपर्छ जस्तो लाग्छ । रेडियोमा उनीहरूको कुरा ल्याएर, समस्या, अप्ठ्यारा फुकाएर उनीहरूलाई अध्ययनका लागि सहयोग गर्नुपर्छ जस्तो लागेको छ । सरकारले गरिब, विपन्न परिवारका बालबालिकाका लागि विद्यालयदेखि अन्य धेरै ठाउँमा विभिन्न सेवासुविधा र सहुलियत दिने गरेको छ । तर धेरै परिवारलाई यो विषयमा थाहा छैन । यस्ता विषय पनि रेडियो मार्फत जानकारी गराउन सकिन्छ । अवसर पाएमा यसमा म निरन्तर लागिरहनेछु ।

●●●

# रेडियो सुन्ने बानीले रेडियोमा बोल्ने भएँ

नमस्कार, मेरो नाम मनिषा रोक्का हो । म अहिले ११ कक्षामा पढ्दैछु । सामुदायिक पत्रकार भएपछिका मेरा केही अनुभव यहाँहरूसँग बाँड्न खोज्दैछु । रेडियोसँगको मेरो सम्बन्ध अलि फरक छ । म सानै हुँदादेखि नै मेरो घरमा रेडियो बजिरहको सुन्थैं । सुरुसुरुमा त अचम्म लाग्थ्यो । किनभने रेडियोको बारेमा खासै थाहा थिएन । जब म अलि बुझ्ने हुँदै गएँ, आफू पनि रेडियोमा यसरी नै बोल्न पाए हुन्थ्यो जस्तो लाग्थ्यो । रेडियोमा बोल्न पाए हुन्थ्यो भन्ने किन पनि लाग्यो भने रेडियोबाट बज्ने कार्यक्रमहरू समाचार मन पर्थ्यो र आफू पनि त्यस्तै बन्न पाए हुन्थ्यो भन्ने लाग्थ्यो । रेडियो मनपर्ने भएकाले यसमा काम गर्दा आफू खुसी बन्न सक्छु भन्ने लागेको थियो तर म अन्तिम निर्णयमा पुगिसकेको भने थिइनँ ।

रेडियोमा जोडिन मौका खोजिरहेका बेला मलाई सुनौलो अवसर कार्यक्रम 'जीवनरक्षा बालसुरक्षा' ले जुटाइदियो । सामुदायिक पत्रकारका रुपमा मैले काम गर्न थालेँ । सुरुमा त मलाई के गर्नुपर्छ, पत्रकार भनेको के हो, सामुदायिक पत्रकार भनेको के हो, जिम्मेवारी के हो ? भन्ने विषयमा केही पनि थाहा थिएन । विस्तारै सिक्दै गएँ, जान्दै गएँ । विस्तारै मैले थाहा पाएँ कि पत्रकारको जिम्मेवारी निकै ठूलो छ । तर हामी सामुदायिक पत्रकारले अरु पत्रकारले जस्तो काम गर्दैन थियौं, गर्दैनौं । हामीले आफ्नो पढाइ, खेल्ने समय वा भनौं आफ्नो सम्पूर्ण काम सकेर थोरै बचेको समयलाई सदुपयोग गर्ने काम गर्थ्यौं । आफ्नो ठाउँमा देखेको, भोगेको बालबालिकाको विषय हामीले रेडियोलाई जानकारी गराउने हो । त्यो सकारात्मक पनि हुन्थ्यो, नकारात्मक पनि ।

आफ्नो ठाउँमा बालबालिकाको लागि राम्रो काम भइराखेको छ भने पनि हामी रेडियोलाई जानकारी गराउँथ्यौं । नराम्रो काम भइराखेको छ भने पनि । कुनै विद्यालयमा फरक तरिकारले बालबालिकालाई पढाइने कुरा, बालबालिकाका लागि पर्याप्त भौतिक पूर्वाधार, खेल्ने मैदान, खेल सामग्री, बालमैत्री धारा, अतिरिक्त क्रियाकलाप, विद्यालय पोशाक, आवश्यक पुस्तक, पुस्तकालय यी विभिन्न कुरा हाम्रा रिपोर्टिङका विषय बन्थे । भूकम्पपछि बालबालिकाले भवन नभएर चौरमा बसेर पढ्नुपरेको कुरा, जाँडरक्सीका कारण विद्यालयमा पढाइमा पर्ने असर, बालबालिकाका लागि छुट्याइएको बजेट उनीहरूका लागि खर्च नगरिएको कुरा, बालविवाह, आमाबाबु गुमाएका बालबालिकाका समस्या, यस्ता विषय पनि हामीले कार्यक्रममा उठाउने विषय अन्तर्गत पर्दछन् ।

म सामुदायिक पत्रकार भएकोमा यस अर्थमा पनि खुसी छु कि, मैले गलत काम भइराखेको ठाउँमा प्रश्न गर्न सक्छु । कुनै एक ठाउँमा राम्रो काम भइराखेको छ भने अन्य ठाउँका पनि धेरै मानिसलाई सुनाउन सक्छु । सामुदायिक पत्रकार भएर काम गरेको यो छोटो अनुभवले मलाई भविष्यमा आफ्नो पेसा नै पत्रकारिता बनाउनुपर्छ भन्ने लागेको छ ।

●●●

# रेडियो कार्यक्रम जीवनरक्षा बाल सुरक्षाबाट थप हौसला



• गंगा तामाङ
सी.जे.

म अहिले १६ वर्षको भएँ। सामुदायिक पत्रकारका रूपमा रेडियोमा काम गर्न थालेको चाहिँ २३ महिना भयो। झन्डै यो दुई वर्षको अवधिमा मैले धेरै कुरा सिक्न पाएँ। केही कुरा अरुलाई सिकाउन पनि पाएँ। रेडियोमा जोडिएपछि म आफूमा धेरै परिवर्तन आएको जस्तो लाग्छ। मेरो सोच्ने तरिका, मान्छेहरूसँग बोल्ने तरिका फरक भएको छ। मेरो व्यवहार मात्रै होइन, मान्छेहरूले मलाई गर्ने व्यवहार पनि फरक भएको छ। पहिलेभन्दा बढी माया, सम्मान पाउँछु।

विद्यालयमा सर/मिसले, साथीहरूले, घरमा परिवारका सदस्यले मलाई गर्ने व्यवहार फरक पाउँछु। यसअघि मलाई अरुको सामु बोल्न डर लाग्थ्यो। आफूभन्दा ठूला व्यक्तिसँग बोल्न सक्दैन थिएँ। अरुसँग बोल्नै त डर लाग्थ्यो भने झन् रेडियोमा बोल्न कसरी सक्नु। रेडियोमा बोल्ने कुरा मैले सोचेकै थिइनँ। रेडियोमा कसरी बोल्ने, कस्ता विषय समाचार बन्छन्, रिपोर्ट कसरी बनाउने भन्ने जस्ता कुराहरू केही पनि थाहा थिएन। अहिले त म रेडियो रिपोर्ट बनाउन सक्छु, समाचार लेख्न सक्छु, मानिसहरूसँग अन्तरवार्ता लिन सक्छु, समाचार बनाउन सक्छु। म सामुदायिक पत्रकार भएपछि आफूमा मात्र परिवर्तन आएको छैन। गाउँमा, साथीभाइमा पनि केही परिवर्तन ल्याउने प्रयास गरिरहेको छु। बालविवाह गर्न हुन्न भनेर छलफल गर्दा हुन लागेको एउटा बालविवाह रोकियो। बालविवाह हुन लागेको थाहा पाएपछि साथीहरूसँग छलफल गरेर प्रयास गर्दा रोक्न सफल भयौं। बाल श्रममा जाने भाइलाई पुनः विद्यायमा फर्काउन सफल भएँ। लागु पदार्थ र मादक पदार्थ सेवन गर्दा हुने बेफाइदा बारेमा बुझाउँदा सामुदायमा यसको प्रयोग गर्न कमि भयो। बालबालिकालाई तयारी खानेकुरा नभएर घरमा नै बनेका पोषणयुक्त खाजा विद्यालयमा पठाउनेलगायतका कुराहरू कार्यक्रममा उठाउँदा मेरो कारणले केही परिवर्तन आएको छ। यद्यपि यो परिवर्तन म एक्लैले गर्दा आएको भने होइन, अरुको साथसहयोग पनि पाएको छु।

अहिले म कृष्णरत्न गङ्गा माध्यमिक विद्यालयमा कक्षा ११ मा पढ्दैछु। मेरो परिवारमा ८ जना सदस्य हुनुहुन्छ। परिवारकै कुरा आउँदा एउटा कुरा सुनाउन मन लागिहाल्यो। सबै मानिस बराबर हुन्, जातकै आधारमा विभेद गर्नुहुन्न भन्ने कुरा मैले सानैदेखि सुन्दै आएको, पढ्दै आएको। रेडियोबाट, टेलिभिजनबाट पटकपटक यो कुरा सुन्दा अनि पुस्तकहरूमा, पत्रपत्रिकामा पढ्दा कण्ठै भइसक्यो। तर पढ्दा, सुन्दा जति सजिलो छ नि, व्यवहारमा त्यति नै अप्ठ्यारो छ यो विषय। अर्थात् व्यवहारमा परिवर्तन ल्याउन निकै मुस्किल छ।

●●●

एकपटक यस्तै अप्ठ्यारो पऱ्यो । मेरो एकजना साथीले मेरो घर आउने इच्छा देखाइन् । मैले उसलाई घरमा ल्याउने विषयमा आमा र दिदीलाई भनेँ तर उहाँहरू सकारात्मक देखिनुभएन । आमाले भन्नुभयो, 'उनी तल्लो जातकी हुन्, हामी त केही नभनौँला तर उनी हाम्रो घरमा आएको थाहा पाएपछि गाउँका अरु मानिसहरूले हामीलाई नराम्रो सोच्छन् । उनले हाम्रो घरमा आएर सँगै खाना खाएको, भान्सा पसेको थाहा पाए गाउँका मानिसले हामीलाई वहिष्कार गर्न सक्छन्, त्यसैले तिमीले उनीसँग बाहिरै भेट,घरमा चाहिँ नल्याउनु ।' आमाको कुरा सुनेर मलाई नराम्रो लाग्यो । कसैको कामकै आधारमा, थर/जातकै आधारमा कोही सानो हुने, कोही ठूलो हुने चलन कसले चलायो होला ? आमालाई मैले धेरै सम्झाउने कोसिस गरेँ तर उहाँलाई समाजले के भन्ने हो, गाउँका मानिसले के भन्ने हुन् भन्ने चिन्ता बढी थियो । उहाँ आफू परिवर्तन हुन चाहे पनि अरुको डर थियो, उहाँलाई । मैले शिक्षकहरूसँग छलफल गरेँ, आफूभन्दा ठूला दाजु, दिदीहरूलाई पनि यस विषयमा सुनाएँ । अनि मैले रेडियो कार्यक्रम 'जीवनरक्षा बालसुरक्षा' मा मानिस कोही पनि ठूलो, सानो हुँदैन, सबै बराबर हुन्, विभेद गर्न हुँदैन भन्ने विषयमा नाटक लेखेँ र प्रसारण गऱ्यौँ । रेडियो कार्यक्रम 'जीवनरक्षा बालसुरक्षा' मा प्रसारण



भएको त्यो नाटक । हामी परिवारका सबै सँगै बसेर सुन्यौँ । नाटक सुनेपछि 'नाटक राम्रो रहेछ, तर एकैपटक यस्ता विषयमा परिवर्तन हुँदैन । लामो समयदेखि चलेको चलन विस्तारै अन्त्य हुन्छ ।' भन्ने प्रतिक्रिया पाएँ । त्यसको केही दिनपछि मेरो बर्थडे थियो । बर्थडेमा मैले मेरो त्यो साथीलाई ल्याएँ । सुरुमा त डर लागेको थियो, केही भन्नुहुन्छ कि भनेर तर केही भन्नुभएन । अहिले त म उसलाई आफ्नो घरमा ल्याउँछु, सँगै बसेर खाना पनि खान्छौँ, सँगै बस्छौँ । मेरो परिवारमा कसैले पनि केही भन्नुहुन्न । यो त एउटा उदाहरण मात्रै हो, यस्ता थुप्रै विषय छन्, जुन परिवर्तन हुन आवश्यक छ ।

मलाई लाग्छ यस्ता विषयमा परिवर्तन ल्याउन रेडियो एउटा राम्रो माध्यम हो । यो सबै नागरिकको पहुँचमा छ । गाउँगाउँमा उपलब्ध छ । गाउँगाउँमा रहेका सामुदायिक रेडियोले यस्ता विषयमा कार्यक्रम बनाएर प्रसारण गर्नुपर्छ । विभेद गर्नेलाई कस्तो कानुनी कारवाही हुन्छ भन्ने विषयमा जानकारी गराउन पनि आवश्यक छ । किनकि यस्ता विभेद गर्नुहुँदैन भन्ने जान्दाजान्दै, पढेलेखेका मानिसबाटै यस्ता विभेद भइरहेका छन् ।

रेडियो कार्यक्रममा सामुदायिक पत्रकारको भूमिका निर्वाह गरिरहँदा धेरै खालका अनुभवहरू सङ्गाल्न पाएँ । कतिपय मानिसहरू बालबालिकाका कुरा सुन्न चाहदैनन्, उनीहरूको कुरालाई वेवास्ता गर्छन् । 'सानो मान्छे भएर के जान्ने पल्टेको होला?' भन्ने मानिसहरू धेरै भेटेँ । मानिसहरूलाई बालबालिकाका विषय बुझाउनुपर्ने आवश्यकता छ । बालविवाह, बालबालिकाको शिक्षा, सानै उमेरमा विवाह गर्दा हुने वेफाइदा, बालमैत्री भौतिक संरचना, महिनावारीका बेला बालिकाहरूमाथि हुने विभेद, बालबालिकालाई अभिभावकले गर्ने व्यवहार, बालमैत्री स्थानीय शासन, बालबालिकाका लागि छुट्याइने बजेट, यस्ता धेरै विषय छन्, हामीले छलफल गर्नुपर्ने । सकारात्मक मानिसहरू पनि छन्, जसले हाम्रा कुरालाई सुनिदिन्छन्, हौसल्ला दिन्छन् । त्यस्ता मानिसहरूको प्रतिक्रियाले ऊर्जा दिन्छ ।

भनिन्छ, 'तपाई एक वर्षको समृद्धि चाहानुहुन्छ भने खेतीपाती गर्नुस्, मध्यकालीन समृद्धि खोज्नुभएको छ भने बिरुवा रोप्नुस् । तपाई दीर्घकालको समृद्धि खोज्नुहुन्छ भने बालबालिकामा लगानी गर्नुहोस् ।' हो, यो कुरालाई मनन गर्दै अगाडि बढ्नसके बालबालिकाले आफ्नो अधिकार सजिलै प्राप्त गर्न सक्छन् । अधिकारसँगै उनीहरूलाई कर्तव्य पनि सिकाउन जरुरी छ । गाउँगाउँमा स्थानीय सरकार आयो भनेको हामीले पनि सुनेका छौँ । अब धेरै काम आफ्नै गाउँठाउँमा हुने भएकाले समाज समृद्ध बन्छ भन्ने गरिएको छ । स्थानीय तहका बारेमा हामी बालबालिकाले धेरै कुरा बुझिसकेका छैनौँ । बालबालिकाको अधिकार, उनीहरूको संरक्षण र चौतर्फी विकासका लागि गाउँपालिका र नगरपालिकाले पनि योजना बनाएर काम गर्छन् भन्ने हामी बालबालिकाको आशा छ । रेडियोमा कसरी बोल्ने, रिपोर्ट कसरी गर्ने भन्ने बारेमा जानकारी थिएन । समाचार कसरी बनाउने, कस्ता विषयमा समाचार बन्छ भन्ने बारेमा जानकारी थिएन । हिजोआज म आफै रिपोर्ट, समाचार बनाउन सक्छु ।

●●●

# बाल हिंसा न्यूनीकरणमा भूमिका



**कृतिका सापकोटा**
सी.जे.

जन्म र मृत्यु मनिसको दुई पाटा हुन् । कुनै पनि मनिसको जीवनको सुरुवात जन्मबाट हुन्छ । त्यसै क्रममा मेरो जन्म आज भन्दा १४ वर्ष अगाडि साबिकको बतासे गाविस ३ सिन्धुपाल्चोक जिल्लामा भयो । सामान्य ग्रामीण भेगको बालबालिकाको जस्तै गरी मेरो जीवन बित्दै गएको छ । जसरी एउटा बालकले विद्यालयबाट जीवनको ढोका खुल्छ, त्यस्तै मैले पनि मेरो शिक्षा गाँउको बोर्डिङ स्कुलबाट सुरु गरेको हो । विद्यालयमा यति धेरै सुविधाहरू नपाए पनि मैले आमाबुबाको सहयोगबाट आफ्नो पढाइ निरन्तर अघि बढाएँ । त्यसपछि मेरो पढाइ जलविरेको आनन्द माविमा जोड्दै आज म यही विद्यालयमा कक्षा १० मा अध्ययन गर्दैछु । शिक्षाको अर्थ सिक्नु, ज्ञान आर्जन गर्नु पनि हो । आजका विद्यार्थी नै भोलिका देशका नेता, डक्टार, इन्जिनियर बन्दछन् । विद्यार्थी जीवनमा अध्ययन गरेका कुरालाई भविष्यमा लागु गर्ने हो । त्यसकारण विद्यार्थी अवस्थामा उनीहरूले अध्ययन गरी आफूलाई योग्य र सक्षम बनाउनका लागि देशले व्यावहारिक शिक्षा पद्धति अवलम्बन गर्नुपर्छ ।

शिक्षाको जुनसुकै क्षेत्रमा आफ्नो छुट्टै महत्त्व हुन्छ भने पत्रकारिताको पनि आफ्नो छुट्टै महत्त्व रहेको हुन्छ । यसले मनिसको जीवनमा ठूलो प्रभाव परेको हुन्छ । विशेषगरी बाल पत्रकारिता क्षेत्रमा लागेका कारण मेरो बोल्ने र लेख्ने क्षमता मात्रै बढेन, सामुदायिक पत्रकार भएपछि मेरो जीवनमा धेरै परिवर्तनहरू आयो । पत्रकारितामा मलाई रेडियो सिन्धुले धेरै नै साथ दिएको छ । आफू सामुदायिक पत्रकार भइसकेपछि निभाउनु पर्ने काम र जिम्मेवारी बारे अवगत भएको छ । महिला अधिकार, बाल हिंसा, वर्गीय भेदभाव जस्ता कार्यलाई न्यूनीकरणका लागि मेरो भूमिका रेडियोले बढायो, यसैलाई मैले सबभन्दा ठूलो सफलताको रुपमा लिएको छु । विद्यालय र समुदायबाट सम्मान पाउँदा म खुसी छु र ममा जिम्मेवारी थपिएको महसुस भएको छ ।

●●●

# सामुदायिक पत्रकारिता गर्वको पेसा



• मालति श्रेष्ठ
सी.जे.

सकारात्मक आवाजबाटै समाज परिवर्तन गर्न सकिन्छ, भन्ने मूल आशय नै मेरो पहिलो प्राथमिकता हो । परिवर्तनमा लाग्न आम सञ्चार विषय पढेर पत्रकार बन्ने सपना मेरो थियो तर नजिकै विद्यालयको अभावले गर्दा पूरा हुन सकेको थिएन । तर समयले भनौँ वा भाग्यले सामुदायिक पत्रकार बन्ने मौका पाएँ, भविष्यको पाटोलाई अगाडि बढाउने आफैले हो । सुरुमा पत्रकारिता पेसा सुरक्षाको दृष्टिकोणले सम्वेदनशील छ भनेर परिवारले साथ नदिएता पनि जब मैले मेरो शिक्षकलाई भने शिक्षकले 'ल राम्रो काम ।' भनेर हौसला दिनुभयो । परिवारको साथ पनि मिल्दै गयो, समाजले पहिलेदेखि नै मेरो हिम्मतलाई प्रोत्साहन दिदै आएको थियो, त्यसैले म सामुदायिक पत्रकार हुँ भनेर गर्वका साथ यही समाजमा रमाउन पाएको छु ।

●●●

# आत्मविश्वास बढ्यो



• प्रमिला राना मगर
सी.जे.

रेडियो सिन्धु मार्फत मैले परियोजनाको सुरुवातबाटै सामुदायिक पत्रकार बनेर काम गर्न थालेको हुँ । हामीले समुदायका साथै विद्यालय भित्र हुने नराम्रा पक्षका बारेमा आवाज उठाउन थाल्यौँ । मेरो व्यक्तित्व विकासका लागि पनि निकै राम्रो भएको छ । समुदाय भित्र हुने घटनाहरू नियन्त्रणका लागि निर्धक्कसँग आफ्नो कुरा राख्न सक्ने भएको छु । रेडियोमा मैले उठाएका सवाल सुनेर विद्यालयका शिक्षकहरूले 'तिमीले गर्न सक्छौ, राम्रो काम गरेछौ ।' भनेर प्रशंसा गर्नुहुन्छ । समुदायमा हुने घटनाका बारेमा म सरल भाषामा समाचार लेख्न सक्ने भएको छु ।

बालविवाह, हिंसा, छुवाछुतलगायत सामाजिक समस्याका विरुद्ध आवाज उठाउँदै नियन्त्रणका उपायबारे रेडियोको माध्यबाट प्रचारप्रसार गर्न सफल भएका छौँ । बालबालिकाले बालमैत्री वातावरणमा अध्यन गर्न पाउने, पौष्टिक तत्त्व खान पाउनुपर्ने, बालमैत्री धारा, विद्यालय छ कि छैन भन्ने बारेमा स्कुलका शिक्षक, रेडियो सिन्धुका दाइदिदीहरू र स्कुलका साथीहरू मिलेर छलफल गरेर व्यवस्थित गर्ने बारे छलफल गरेका थियौँ । अहिले हाम्रो विद्यालयमा बालमैत्री धारा, शौचालय, छात्रा र छात्रको लागि छुट्टै शौचालयको व्यवस्था भएको छ । त्यसैले यो अवसरपछि अब मलाई समुदायका समस्याहरू समाधान गर्न सक्छु भन्ने विश्वास छ ।

●●●

# चेतनाको लागि बाल पत्रकारिता



• सानु माझी
सी.जे.

रेडियो सिन्धुको बालबालिकासँग सम्बन्धित रेडियो कार्यक्रम 'जीवनरक्षा बालसुरक्षा' को सामुदायिक पत्रकारको रूपमा काम गरेपछि मेरो पत्रकारिता र व्यक्तिगत जीवनमा धेरै सकारात्मक परिवर्तन आएको छ ।

पत्रकारिता गर्नु पूर्व कुनै काम वा व्यक्तिसँग कुराकानी गर्न पनि डर लाग्थ्यो तर अहिले त्यो समस्या हटिसकेको छ । मनिसले काम गर्दा जस्तोसुकै समस्या आए पनि कामलाई निरन्तरता दियो भने समस्याको समाधान गर्न सकिने सामुदायिक पत्रकारिताको मेरो अनुभव छ । पत्रकारिता सुरु गर्दा रिपोर्ट, स्थलगत छलफल गर्दा सहभागीको भन्दा पनि मेरो प्रस्तुति एकदम कमजोर हुन्थ्यो तर काम गर्दै जाँदा स्कुलको साथी, मेरो समुदायका अग्रजहरू र रेडियोको पूर्ण सहयोगबाट सामुदायिक पत्रकार बन्न सफल भएको छु ।

हाम्रो समाजमा हुने बालविवाह, छुवाछुत, बालश्रम, बाल दुर्व्यवहारलगायतका समस्या थिए र ती समस्याको हल र चेतनाको लागि बाल पत्रकारिताको मेरो भूमिका मुख्य रहेको थियो । यी विषयमा स्थलगत छलफल, रिपोर्ट, अन्तरवार्ता गरेपछि बालबालिकाको यो मुख्य समस्या निराकरण हुन थालेको छ । मेरो प्रयासको प्रभाव विस्तारै समाजमा परिरहेको छ । त्यस्तै महिलाहरूको अवस्था समाजमा कस्तो छ भन्ने कुरामा घरको पुरुषले विशेष ध्यान दिनुपर्छ भन्ने कुराको जानकारी भीमटारका पुरुषले महसुस गरेको मलाई लागेको छ ।

●●●

# रेडियामा बोलेको सनुपेछि गाउँलेको सम्मान



• सरीता तामाङ
सी.जे.

म तामाङ समुदाय भएको ठाउँमा बस्छु । मेरो ठाउँमा बालविवाह व्याप्त छ। यसमा मैले पहिले पनि आवाज उठाउथेँ तर जब सामुदायिक बाल पत्रकार भएँ। रेडियोमा मैले बोलेको गाउँलेले सुनेपछि मलाई सम्मान गर्न थाले र मैले भनेका कुरामा पनि विश्वास गर्न थाले।

कतिपय नजानेका, नथापाएका कुरा पनि तालिममा सहभागी हुँदा सिक्ने मौका पाएँ । अरुका अगाडि प्रश्न गर्दा आफूलाई कमजोर सोच्ने बानी हट्यो । आफूप्रतिको विश्वास वढेको छ । मैले आफ्नो चाहानामा पढ्ने कि अभिभावकको भन्ने विषयमा गरेको छलफल पहिलो पटक ३० जना भन्दा वढीको बीचमा चलाएको थिएँ । सुरुमा निकै डर लागे पनि पछि सजिलो भयो । अहिले निर्धक्कसँग आफ्ना कुरा राख्न, भन्न सक्छु । ममा आएको सबैभन्दा ठूलो परिवर्तन पनि यही हो ।

●●●

# सामुदायिक बाल पत्रकारितामा मेरो यात्रा



• सानु माझी
सी.जे.

मेरो नाम राम पपने हो, म १६ वर्षको भएँ । गोरखा जिल्ला पालुङ्गटार नगरपालिका ५ माझटारमा बस्छु । म यसै नगरपालिकास्थित भवानी माध्यमिक विद्यालयमा कक्षा १० मा अध्ययन गरेर एसईई परीक्षा दिएको छु । म रेडियोमा बज्ने 'जीवनरक्षा बालसुरक्षा' नामक एक कार्यक्रमको लागि सामुदायिक बाल पत्रकारको रुपमा २३ महिनादेखि कार्यरत छु । म यस कार्यक्रमका लागि आफ्नो समुदायमा बालबालिकाले भोग्नु परेका समस्याहरूको पहिचान गर्न र उक्त समस्या समाधान गर्न बालबालिका तथा सम्बन्धित निकायले के के गर्नुपर्ला भन्ने बारेमा विभिन्न कुराहरूको रिपोर्ट गर्ने र रेडियो कार्यक्रममा बजाउनका लागि रेडियोमा दिने काम गर्दै आएको छु ।

म सामुदायिक पत्रकार नहुँदा र सामुदायिक पत्रकार भएपछि आफूमा धेरै भिन्नता पाउँछु । पहिले म विभिन्न कार्यक्रमहरूमा सहभागी हुँदैनथे । कार्यक्रमहरूमा गएर के नै फाइदा हुन्छ भनेर बुझ्थेँ । तर मैले सर्वप्रथम सामुदायिक बाल पत्रकारका लागि आयोजित अभिमुखीकरण कार्यक्रममा सहभागी भएपछि धेरै कुरा सिक्ने र जान्ने अवसर पाएँ । मेरो यस्ता कार्यक्रमहरूप्रतिको हेराइ परिवर्तन भयो । उक्त कार्यक्रममा मैले समुदायमा भएका बालबालिकाका समस्या बालबालिकाहरूलाई नै थाहा हुने हुँदा बालबालिकाहरूले आफ्नो समस्याहरू खुलस्त रुपमा भन्नुपर्ने कुरा बुझेँ । आफूमा रहेका समस्याहरू लुकाउन नहुने र समस्या लुकाएर समाधान नहुने कुरा समेत मैले बुझेँ । मैले उक्त कार्यक्रमपछि विभिन्न कार्यक्रमहरूमा सहभागी हुने र आफ्नो मनमा रहेका कुराहरू खुलस्त रुपमा भन्नसक्ने भएको छु । म आफ्नो समुदायमा भएका समस्याहरू पहिचान गर्न सक्षम भएको छु। उक्त समस्याहरू रेडियो कार्यक्रम मार्फत बजाएर सम्बन्धित निकायमाझ पुऱ्याएर समस्या समाधान पनि हुन पुगेको छ, जसलाई मैले जीवनकै ठूलो सफलताको रुपमा लिने गरेको छु ।

मैले केही महिना पहिले आफ्नो विद्यालयमा समयमा पुस्तक नआएको समस्या रेडियो कार्यक्रम मार्फत बज्नुपर्ने कुरा महसुस गरेँ र उक्त समस्याको बारेमा एक रिपोर्ट तयार गरेँ । मैले उक्त रिपोर्ट तयार गर्दा समयमा विद्यालयमा पुस्तक नआउँदा विद्यार्थीहरूले भोग्नुपरेको समस्याको बारेमा लेखेको थिएँ । उक्त समस्या समाधान गर्न सम्बन्धित निकायलाई आह्वान समेत गरेको थिएँ । हाल हाम्रो विद्यालयमा समयमा नै पुस्तक उपलब्ध हुन्छ। मलगायत विद्यालयका सम्पूर्ण विद्यार्थीहरू उक्त कार्यक्रमबाट लाभान्वित भएका छौँ । यस कार्यक्रम गरेपछि मैले साथीहरूबाट स्याबासी समेत पाएँ । मैले यस्ता विभिन्न रिपोर्टहरू तयार गरेँ, जसअन्तर्गत भूकम्पपछि वर्षा याममा टहरामा बसेर पढ्नु परेका विद्यार्थीहरूले भोगेका समस्या, बालबालिकाको क्षमता अभिवृद्धि गर्न अभिभावकको भूमिका, तयारी खानाको असर (जंक फूड) आदिको

कुरा थिए । समुदायका मानिसहरू जम्मा गरेर उनीहरुमाझ समुदायका बालबालिकामा देखिएका समस्यासहित छलफल कार्यक्रम पनि सञ्चालन गरियो । यस्तै समुदायका लागि हित हुने र बालिबालिकाहरूलाई फाइदा पुग्ने कार्यक्रम सञ्चालन गरेको छु । समस्याहरू रेडियो मार्फत बजाएर समाधान भएका कारणले मेरा साथीहरू र समुदायका मानिसहरूले मलाई सहयोग गर्ने गरेका छन् । कुनै समस्या परेमा मलाई जानकारी गराउँछन् । यसरी समुदायका मानिसहरूको साथले नै म अघि बढ्न सफल भएको छु ।

म पहिले निकै निस्क्रिय थिएँ । कुनै पनि सामाजिक कार्यक्रममा सहभागी हुँदैनथे । सामाजिक कार्य गर्ने कुरा त झन् परको कुरा हो । म हाल बाल क्लबमा आवद्ध छु । म उक्त बाल क्लबको अध्यक्षको रुपमा कार्यरत छु । यस बाल क्लबका सम्पूर्ण सदस्य तथा अन्य सल्लाहकारहरूको सहयोगले विभिन्न किसिमका समुदायमा हित हुने कार्य पनि गरेका छौँ । हामीले सरसफाइका कार्यक्रमहरू पनि सञ्चालन गर्ने प्रतिबद्धता गरेका छौँ । बाल क्लबको अध्यक्ष हुनाले क्लबमा रहेका साथीहरूले भोग्नु परेका समस्या मलाई भन्ने गर्दछन् र मैले उक्त समस्याहरूको बारेमा रिपोर्ट बनाएर रेडियोमा प्रस्तुत गर्न पाउँदा आफैमा गर्व महसुस गरेको छु । म यस ठाउँसम्म आइपुग्नमा साथीहरू, अभिभावक र विशेषगरी यस कार्यक्रम सञ्चालन गर्ने संस्थाको ठूलो भूमिका रहेको छ । हाल मलाई आफूमा भएको ज्ञान तथा क्षमता अभिभृद्धि भएको कारण निकै हर्ष महसुस गरिरहेको छु ।

●●●

# समाजका घटनाहरू रेडियोसम्म पुऱ्याउँदाको खुसी



• सपना परियार
सी.जे.

मेरो नाम सपना परियार हो । म १६ वर्षको भएँ र अहिले १० कक्षामा अध्ययनरत छु । मेरो घर गोरखा जिल्लाको पालुङ्गटार नगरपालिका वडा नं. २ मा पर्छ । रेडियो कार्यक्रम 'जीवनरक्षा बालसुरक्षा' मार्फत सामुदायिक पत्रकार बनेको छु । मेरो समाजमा भएका समस्याको बारेमा म आफैले समाधान गर्न सक्ने भएको छु । सामुदायिक पत्रकार भएपछि मैले चुनावमा बालबलिकालाई झण्डा बोकेर हिँड्न पाइदैन भन्ने विषयमा सम्झाएको थिएँ । त्यसपछि बालबालिकालाई चुनावमा झण्डा बोकेर हिँडेको देखिएको  थिएन । समाज तथा भएका घटनाहरू रेडियोसम्म पुऱ्याउन पाउँदा ज्यादै खुसी लाग्थ्यो । आफ्नो समाजमा भएका समस्याको समाधान गर्न त्यहाँ बसोबास गर्ने मानिसहरू एक जुट हुन्थे । मैले सिकेको सीपका कारण नै आफूमा आत्मविश्वास बढेको महसुस भएको छ ।

●●●

# सानो प्रयासबाट ठूलो परिवर्तन



• विकल्प पराजुली
सी.जे.

मेरो नाम विकल्प पराजुली हो । म १६ वर्षको भएँ । म पालुङटार नगरपालिका हवाइग्राउण्डमा बसोबास गर्छु । वर्ल्ड भिजन र सामुदायिक सूचना नेटवर्क (सीआईएन) को सहकार्यमा बनेको कार्यक्रम 'जीवनरक्षा बालसुरक्षा' लाई सहयोग गर्न म सामुदायिक बाल पत्रकारको रुपमा रहेको छु । म १६ महिनादेखि रेडियो कार्यक्रममा आफ्नो समुदायमा रहेको समस्याहरू पहिचान गरी राख्दै आएको छु । रेडियो कार्यक्रमका लागि नै गाँउमा सामुदायिक छलफल पनि मेरै नेतृत्वमा भयो, जसले गाँउमा मेरो प्रतिष्ठा बढेको महसुस भयो । त्यस कार्यक्रममा मैले आफ्नो समुदायको मानिस, वडाध्यक्ष, शिक्षक आदिलाई एउटा ठाउँमा जम्मा गरेर छलफल गराएको थिएँ । यसले सानो प्रयासले पनि हाम्रो समाजमा ठूलो परिवर्तन आउँदो रहेछ भन्ने मलाई महसुस भयो । हामीले हाम्रो समस्या हटाउन आफै सक्रिय हुनुपर्छ । सबैले आफ्नो समुदाय निर्माणमा सहयोग गरे पक्कै पनि हाम्रो समाज समृद्ध हुन सक्छ ।

●●●

# आफन्तबाट सहयोग पाएँ



• स्वस्तीका श्रेष्ठ
सी.जे.

म जब यस धरतीमा पाइला टेक्न थालेँ, तब म खुसीको साथसाथै आमाबुबाको साथमा हुर्कें, बढेँ र पढ्न सुरु गरेँ । मेरो परिवार निम्न वर्गीय आर्थिक अवस्थाको छ । बाबुआमाले गर्ने ज्याला, मजदुरीबाट मेरो परिवारको मुस्किलले छाक टर्छ । यस्तो अवस्थामा पनि निकै चुनौतीको सामना गर्दै अध्ययनलाई निरन्तरता दिन पाउँदा मलाई निकै खुसी लाग्छ । अध्ययनका क्रममा मैले पाएको सफलताले र मेरो मेहनतले मेरो परिवार निकै खुसी थियो र मलाई निरन्तर हौसला दिइरहनुहुन्थ्यो । एसएलसीपछि मैले अङ्ग्रेजी भाषा र कम्प्युटर सिक्ने मौका पनि पाएको थिएँ । हाल म कक्षा ११ मा ज्ञान मन्दिर उमाविमा अध्ययनरत छु ।

म सानैदेखि रेडियो कार्यक्रम सुन्थेँ, सानोमा एक पटक बाल कार्यक्रममा समेत बोलेको थिएँ । मैले किशोरी दिवसको अवसरमा 'टेक ओभर' कार्यक्रमबाट रेडियोको दुनियाँमा बोल्ने अवसर पाएँ । मैले त्यो समय बालविवाहको विषयमा ३ जना व्यक्तिसँग स्टुडियोमा बसेर प्रत्यक्ष बहस गर्ने अवसर पाएँ । त्यसपछि मलाई म पनि गर्न सक्छु भन्ने आत्मविश्वास बढेर गयो । पछि सामुदायिक पत्रकार भएर मेरो गाउँका सवालहरू कार्यक्रममा राख्न थालेँ । मैले जातीय छुवाछुत, बालविवाहलगायतका विषयमा कार्यक्रम बनाएको सुनेर कलेजमा साथीभाइ, शिक्षकहरूले शुभकामना दिएर हौसला थप्दा निकै खुसी लाग्छ । सामुदायिक पत्रकार भएर काम गर्दागर्दै मलाई रेडियो सिन्धुले बालबालिका सम्बन्धी साप्ताहिक कार्यक्रम 'बाल संसार' चलाउन दिएको छ । म ३ हप्तादेखि यो कार्यक्रम नियमित चलाइरहेको छु । सामुदायिक पत्रकारिता गर्ने जुन अवसर मैले पाएँ, त्यसपछि मैले रेडियो क्षेत्रमा नै आफ्नो पाइला अगाडि बढाइरहेको छु ।

●●●

# विद्यालयमा खानेपानीको समस्या समाधान



• सुरज श्रेष्ठ
सी.जे.

म कक्षा १० मा अध्ययनरत छात्र हुँ । रेडियो कार्यक्रम 'जीवनरक्षा बालसुरक्षा' मार्फत १२ महिनादेखि म सामुदायिक पत्रकारको रुपमा काम गर्दैछु । सामुदायिक पत्रकार बनिसकेपछि मैले मेरो विद्यालयमा खानेपानीको समस्या समाधान गरेको छु भने महिला एवम् छात्राहरूका लागि उचित चर्पीको व्यवस्थापन गर्नमा सफल भएको छु । त्यसकासाथै समाजमा भएका हरेक घरघरमा चर्पीको व्यवस्था गर्नुपर्छ भनेर छलफल पनि गर्दैछु । त्यति मात्र नभई मेरो समुदायमा हुने गरेका छुवाछुत सम्बन्धीका गलत धारणामा पनि परिवर्तन ल्याउन सकेको छु ।

●●●

# शिक्षकको बानी सुधार्न सफल भएँ



• गितिका श्रेष्ठ
सि.जे

म अहिले १५ वर्षको भएँ । मेरो घरमा आमा, बुबा, भाइ, बहिनी र म गरी ५ जना छौँ । म सामुदायिक बाल पत्रकारको रुपमा काम गरेको २ वर्षजति भयो । म सामुदायिक बाल पत्रकार हुनुभन्दा पहिले एकदम धेरै डराउँथेँ । दुईचार जना मानिसको अगाडि उभिँदा केही बोल्न सक्दिनथेँ । म कुनै कार्यक्रममा गएर आफ्ना मनमा लागेका कुराहरू भन्न सक्दिन थिएँ । मलाई सामुदायिक बाल पत्रकारको रुपमा काम गर्ने अवसर प्राप्त भयो । यस कार्यक्रममा पहिलो पटक आउँदा म कसरी बोल्ने होला, कस्तो बोल्ने होला, भन्ने डर र खुलदुली थियो । हाम्रो पहिलो कार्यक्रममा सरहरूले समुदायको कस्ता खालको समस्या भन्ने, समुदायको मान्छेसँग कसरी बोल्ने भन्ने कुराको जानकारी दिनुभयो । त्यसपछि ममा एकदमै बोल्ने सीपको विकास भयो । हाम्रो गाउँमा छुवाछुत, भेदभाव, कुलतमा फस्ने मानिसहरू धेरै छन् ।

विद्यालयमा शिक्षकहरूले छुवाछुत गर्नु हुन्न र कुलतमा लाग्नु हुन्न भनेर पढाउनुहुन्छ । तर, उहाँहरूले ती कुराहरू आफ्नो व्यावहारिक जीवनमा लागु गर्नुहुन्न । मैले एक जना शिक्षकलाई यस्तो गर्नुहुन्न भनेर सम्झाउँदा 'रक्सी त मेरो भिटामिन हो ।' भन्नु हुन्थ्यो । मैले उहाँको बारेमा सीआईएनको गीता चिमोरिया मिसलाई भनेको थिएँ । यो कुरा प्रसारण भएको थियो २/३ दिनपछि सरले विद्यालय आउँदा रक्सी खाएर आउन छोड्नुभयो । म बाल पत्रकार भएपछि कुनै ठूलो काम गर्न नसके पनि एक जना शिक्षकको बानी सुधार्न सफल भएँ । यदि म बाल पत्रकार नभएको भए शिक्षकको विरुद्धमा बोल्ने आँट हुने थिएन । म सामुदायिक बाल पत्रकारको रुपमा काम गर्न थालेपछि आफ्नो परिवारबाट मात्र नभएर समाजबाट पनि सम्मान प्राप्त भएको छ । मैले समाजमा ठूलो परिवर्तन नल्याए पनि म आफूमा परिवर्तन आएको महसुस भएको छ । सबैसँग राम्रोसँग बोल्न सक्ने क्षमता बढेको छ । समाजमा भएगरेको कुराहरू भन्न पाउने अवसर प्राप्त भएको छ । आत्मविश्वास बढेको छ ।

●●●

# बोल्नसक्ने भएको छु

मेरो नाम मनमाया विक हो । मेरो गाउँपालिकाको नाम अजिरकोट घ्याल्चोक १ मिलिम हो । मेरो घरमा ७ जना हुनुहुन्छ । सामुदायिक बाल पत्रकारिताले मलाई समाजमा रहेका बालविवाह र सानोठूलो भनी घृणा गर्ने प्रचलनको अन्त्यका लागि बोल्नसक्ने बनाएको छ । अरुको अगाडि दुईचार कुरा नडराएर राख्न सक्ने भएको छु ।

**मनमाया बि.क**
सी.जे.

●●●

# छोरीलाई पनि निजी विद्यालयमा भर्ना



• माया घले
सी.जे.

मेरो नाम माया घले । म गोरखा अजिरकोट गाउँपालिका वडा नम्बर ३ मा बसोबास गर्दछु । मेरो घरमा ६ जना सदस्यहरू हुनुहुन्छ । साधारण घरपरिवारमा जन्मेँ, हुर्केँ र त्यहाँ रहेको समुदायमा आफ्नो बाल्यकाल बिताउँदैछु । अहिले म १४ वर्षकी भएँ । २०७४ साल मेरो लागि एउटा अवसरले निपूर्ण रहेको वर्ष ठहरियो । यस वर्षमा मैले सामुदायिक बाल पत्रकारको रूपमा आफ्नो गाउँठाउँमा रहेको समस्या पहिचान गराउन सफल भएँ । गोरखामा पहिला तालिम लिँदा सामुदायिक बाल पत्रकार भनेको के हो र यसले केकस्तो समाजमा परिवर्तन ल्याउँछ भन्ने केही थाहा थिएन । सामुदायिक बाल पत्रकार हुनुभन्दा पहिले मैले कुनै कार्यक्रममा सहभागिता जनाउन र आफूले पनि समाजमा केही भूमिका निर्वाह गर्न सक्छु जस्तो लागेको थिएन ।

जब सामुदायिक बाल पत्रकार भएँ तब गौरव अनुभव भयो । सामुदायिक बाल पत्रकारको तालिमले मभित्र रहेको हरेक जिज्ञासा मेटाइदियो । ६ महिनाको अन्तरालमा पाएको अनुभवले मेरो सोच्ने, बोल्ने र काम गर्ने सबै क्षेत्रमा परिवर्तन भयो । यस अन्तरालमा समुदायमा भएका सबै समस्या पहिचान गरेँ । मैले आफ्नो विद्यालयमा रहेको शुद्ध खानेपानी व्यवस्थापनको समस्या यस रेडियोमा उठाएपछि केही हदसम्म सुधार भयो । परम्परादेखि नै चलिआएको छोरा र छोरीबीचको भेदभावलाई पनि कम गर्ने प्रयास गरेँ, जुन केही हदसम्म सफल पनि भयो । मेरो समाजमा एक परिवारमा छोरालाई निजी विद्यालयमा र छोरीलाई सरकारी विद्यालयमा पढाउथेँ । मैले उहाँहरूलाई गएर सम्झाएपछि उहाँले छोरीलाई पनि निजी विद्यालयमा भर्ना गराउनुभयो ।

अहिले हामी २१ औं शताब्दीमा छौँ र पनि यस्तो गलत सोच छ । छोरा र छोरीबीचको भेदभावलाई कम मात्र होइन जरैदेखि समाप्त पार्नुपर्छ । म त्यस समुदायको नागरिक भएको नाताले गर्दा समाजमा हुँदै गरेका यस्ता कुरीतिलाई सधैँ कम गर्ने प्रयास गरिरहनेछु ।

●●●

# खानेपानीको समस्या न्यूनीकरण



• बिमल परियार
सी.जे.

मेरो नाम बिमल परियार हो। घर मेरो पालुङ नगरपालिका २ आँपपिपल गोरखा हो। म अहिले एसईई दिएर बसेको छु। म अहिले १६ वर्षको भएँ। अहिले क्लबको सचिव र बाल पत्रकारको रूपमा काम गर्दैछु। म बाल पत्रकार भएपछि मैले आफूमा धेरै कुराहरू फरक पाएको छु। म पहिले दुई जनाको अगाडि राम्रो र प्रष्टसँग बोल्न नसक्ने मान्छे रेडियोसम्म आफ्नो आवाज पुऱ्याउन सक्छु भनेर त कुरै भएन। म बाल पत्रकार भएपछि मैले आफ्नो बोलीमा पनि प्रष्ट भएको अनुभव गरेको छु। नडराएर कुरा राख्नसक्ने भएको छु। मैले आफ्नो गाउँठाउँबाट आउने समस्यालाई लिएर समाचार बनाएर रेडियोमा सुनाउन पाउँदा मैले आफूले समाजको लागि केही योगदान पुऱ्याएको महसुस भएको छ। गाउँको समस्या रेडियोमा सुनाएपछि त्यो समस्या छिटो समाधान भएमा झन् खुसी लाग्ने रहेछ। मैले मेरो गाउँमा भएको पानीको समस्यालाई रेडियोमा समाचार बनाएर सुनाएपछि विस्तारै पानीको समस्या न्यूनीकरण भएको छ। त्यो देखेर सबै गाउँका तथा समाजका मान्छेहरूबाट सम्मान प्राप्त गरेको छु। सबै मानिसहरूलाई जनचेतना पुग्ने खालको समाचार बनाएर सबैको मन जित्ने ठूलो आशा लिएर समाजको विकृति हटाएर राम्रो बानीविचारलाई ल्याउने ठूलो आशासाथ सङ्घर्ष गरेको छु।

●●●

# समाजमा जुवातास खेल्ने प्रवृत्तिको अन्त्य

म निक्कै लजालु स्वभावको थिएँ। ममा भएको लाज र डर सामुदायिक बाल पत्रकार बनेपछि हट्दै गयो र ममा आत्मविश्वास बढ्दै गयो। सामुदायिक पत्रकारिता सम्बन्धी अभिमुखीकरण कार्यक्रममा सहभागी हुन पाउनु मेरो लागि निकै गर्वको कुरा थियो। मैले समुदायमा केही यस्ता काम गरेँ, जसले गर्दा मलाई समाजमा भएका सबै व्यक्तिहरूले सम्मान गर्न थालेका छन्। मेरो कुरा उनीहरुले मान्छन्। मैले सामुदायिक बाल पत्रकार भएर गरेको काम र त्यसको परिवर्तन भनेको समाजमा जुवातास खेल्ने प्रवृत्तिको अन्त्य हुनु हो। जुवातास खेल्नेहरू अहिले व्यावसायिक खेतीमा र अन्य काममा लाग्नु भएको छ। त्यस्तै जाँडरक्सीको लतमा रहेकाहरू पनि अहिले राम्रो बाटोमा हुनुहुन्छ। मेरो समुदायको अग्रज र अन्य सबै जनाले सक्रिय रूपमा मलाई साथ दिनु भएको छ।

नमराज गुरुङ
सी.जे.

●●●

# गलत काम भएको ठाउँमा प्रश्न

सानैदेखि म नियमित पढाइसँगै बाहिरी क्रियाकलापहरूमा पनि रुचि राख्थेँ । तर मलाई रेडियोले समाजमा यति धेरै प्रभाव पार्छ भन्ने कुरा थाहा त थिएन । जब म सामुदायिक पत्रकारको रुपमा काम गर्न थालेँ, विस्तारै मेरो रेडियो सुन्ने अवधि बढ्दै गयो । रेडियो सुन्ने बानीको विकास हुँदै जाँदा मैले रेडियोबाटै धेरै कुरा थाहा पाउँदै गएँ । रेडियोका कार्यक्रमहरू र समाचार नियमित सुन्न पनि थालेँ । म बाल क्लबमा आवद्ध भएर विभिन्न कार्यक्रमहरूमा भाग लिन्थेँ, बालबालिकाको अधिकारका विषयमा कुरा राख्थेँ । बालबालिकाका विषयहरू मैले रेडियोमा उठाउन थालेँ, समस्याहरूसँगै समाधान खोज्नेतर्फ पनि प्रयास गर्न थालेँ । रेडियोमा जोडिएसँगै मैले विभिन्न कार्यक्रमहरूमा सहभागी हुने अवसर समेत पाउथेँ । सामुदायिक पत्रकार भएपछि समाजमा भएका राम्रानराम्रा दुवै पक्षलाई बाहिर ल्याउन प्रयास गरेँ । अहिले मैले गलत काम भइराखेको ठाउँमा प्रश्न गर्न सक्छु । कुनै एक ठाउँमा राम्रो काम भइराखेको छ भने अन्य ठाउँका पनि धेरै मानिसलाई सुनाउन सक्छु । सामुदायिक पत्रकार भएर काम गरेको यो छोटो अनुभवले मलाई भविष्यमा आफ्नो पेसा नै पत्रकारिता बनाउनु पर्छ भन्ने लागेको छ । विशेषत : बालकालिकाको विषयमा मलाई काम गर्ने रहर छ । आज म मेरो समुदायमा सामुदायिक पत्रकार हो भनेर चिनिन पाउँदा निकै खुसी छु ।

**शैलेन्द्र भण्डारी**
सी.जे.

# रेडियोमा आवाज उपयुक्त हुँदाको खुसी

म अहिले ८ कक्षामा पढ्दैछु । सानैदेखि घरमा रेडियो बजिरहन्थ्यो । आफू पनि रेडियोमा यसरी नै बोल्नपाए हुन्थ्यो भन्ने लाग्थ्यो । अहिले मेरो आवाज रेडियोमा बज्दा मलाई निकै खुसी लाग्छ । मलाई रेडियोमा बोल्न सक्ने बनाउने, यो अवसर जुटाइदिने मेरो जिल्लाको रेडियो, सीआईएन र वर्ल्ड भिजनप्रति म आभारी छु ।

अहिले बालबालिकाको समस्या कस्तो छ, उनीहरूका लागि अभिभावकले गर्नुपर्ने काम के के हो, विद्यालयले गर्नुपर्ने काम के के हो, बालबालिकाका अधिकारहरू के के हुन्, उनीहरूले पढ्न, खेल्न, पेटभरि खान, सुरक्षित ठाउँमा बस्न पाएका छन् कि छैनन् भन्नेजस्ता कुरा रेडियो मार्फत सुनाउन पाउँदा मलाई खुसी लाग्छ । उनीहरूले आफ्नो अधिकार पाएका छैनन् भने किन पाएनन् ? भनेर सम्बन्धित ठाउँमा प्रश्न सोध्नसक्ने भएको छु, सायद सामुदायिक पत्रकार नभएको भए मैले यसो गर्न सक्दैन थिएँ । यो कुरा म आफ्ना साथीहरूलाई पनि सुनाउँछु । बालबालिकाका अधिकार र कर्तव्यका विषयमा हामीले थाहा पाइराख्नुपर्ने कुराहरूका विषयमा उनीहलाई भन्छु ।

**सुमिता मल्ल**
सी.जे.

# विद्यालयमा खानेपानीको समस्या समाधान

आज म तपाईहरूसँग मेरो केही अनुभवहरू बाँड्न खोज्दै छु । सामुदायिक पत्रकार भएपछि ममा आएको परिवर्तन भनौं, या सफलता ? म आफ्ना अनुभवहरू अरुसँग बाँड्नसक्ने भएको छु । रेडियोसँगको मेरो सम्बन्ध अलि फरक छ । म सानै हुँदादेखि नै मैले मेरो घरमा रेडियो बजिरहको सुन्थेँ । सुरुसुरुमा त अचम्म लाग्थ्यो । किनभने रेडियोको बारेमा खासै थाहा थिएन । जब म अलि बुझ्ने हुँदै गएँ, आफू पनि रेडियोमा यसरी नै बोल्न पाए हुन्थ्यो जस्तो लाग्थ्यो । मलाई रेडियोमा बोल्न पाए हुन्थ्यो भन्ने किन पनि लाग्यो भने रेडियोबाट बज्ने कार्यक्रमहरू, समाचार मन पर्थ्यो र आफू पनि त्यस्तै बन्न पाए हुन्थ्यो भन्ने लाग्थ्यो । रेडियो मन पर्ने भएकाले यसमा काम गर्दा आफू खुसी बन्न सक्छु भन्ने लागेको थियो ।

रेडियोमा जोडिन मौका खोजिरहेका बेला मलाई सुनौलो अवसर कार्यक्रम 'जीवनरक्षा बालसुरक्षा' ले जुटाइदियो । सामुदायिक पत्रकारका रुपमा मैले काम गर्न थालेँ । सुरुमा त मलाई के गर्नुपर्छ, पत्रकार भनेको के हो, सामुदायिक पत्रकार भनेको के हो, जिम्मेवारी के हो ? भन्ने विषयमा केही पनि थाहा थिएन । विस्तारै सिक्दै गएँ, जान्दै गएँ । विस्तारै मैले थाहा पाएँ कि पत्रकारको जिम्मेवारी निकै ठूलो छ । तर हामी सामुदायिक पत्रकारले अरु पत्रकारले जस्तो काम गर्दैनथियौं, गर्दैनौं । हामीले आफ्नो पढाइ, खेल्ने समय वा भनौं आफ्नो सम्पूर्ण काम सकेर बचेको समयलाई सदुपयोग गर्ने काम गर्थ्यौं । आफ्नो ठाउँमा देखेको, भोगेको बालबालिकाको विषय हामीले रेडियोलाई जानकारी गराउने हो । त्यो सकारात्मक पनि हुन्थ्यो, नकारात्मक पनि । हिजोआज म अरुका कुरा सुन्न, अनि त्यो कुरा धेरै मानिसहरूलाई सुनाउन सक्छु । म आफ्ना अनुभवहरू धेरै मानिसहरूसँग बाँड्न सक्ने भएको छु ।

**ईश्वर नेपाली**
**सी.जे.**

# बालबालिकाको विषयमा सोधीखोजी

म अहिले ११ कक्षामा पढ्दैछु । प्रगति बाल क्लबको सदस्य भएर काम गरिरहेको छु । आफ्नो ठाउँमा बालबालिकाको लागि राम्रो काम भइराखेको छ कि छैन भनेर हामी सोधीखोजी गर्छौं । त्यो सोधीखोजी गर्नुपर्छ भन्ने विषय मैले सामुदायिक बाल पत्रकार भएपछि नै थाहा पाएको हुँ । जिल्लाको कुनै ठाउँमा राम्रो काम भइराखेको छ भने हामी त्यो विषयलाई कार्यक्रममा समेट्छौं । अनि नराम्रो काम भइराखेको छ भने पनि किन यस्तो भइराखेको छ ? भनेर प्रश्न गर्छौं, रोक्नको लागि प्रयास गर्छौं ।

विद्यालयमा फरक तरिकाले बालबालिकालाई पढाइने कुरा, बालबालिकाका लागि पर्याप्त भौतिक पूर्वाधार, खेल्ने मैदान, खेल सामग्री, बालमैत्री धारा, अतिरिक्त क्रियाकलाप जस्ता विषय हाम्रा छलफलमा आउँछन् । बालबालिकाका लागि छुट्याइएको बजेट उनीहरूका लागि खर्च भयो कि भएन, भएन भने किन भएन ? आमाबाबु गुमाएका बालबालिकाका समस्या, बालविवाह, बालबालिकामाथि हुने हिंसाका कुरा हामीले कार्यक्रममा उठाउने विषयअन्तर्गत पर्दछन् ।

**प्रतिक्षा खनाल**
सी.जे.

# बालबालिकाको विषयमा स्थानीय सरकारसँग छलफल

सामुदायिक पत्रकार भएर हामीले रेडियो मार्फत बालबालिकासँग जोडिएका धेरै विषय उठायौं । समुदायमा गएर सरोकारवालाहरूसँग छलफल गर्‍यौं । विद्यालयका शिक्षकशिक्षिका, विद्यार्थी, विद्यालय व्यवस्थापन समितिसँग हामीले शिक्षाको गुणस्तरका विषयमा प्रश्न गर्थ्यौं । सानै उमेरमा हुने विवाह, यसले उनीहरूको स्वास्थ्यमा पर्ने असर, बालबालिकाहरू लागुऔषध दुर्व्यसनमा फस्नसक्ने जोखिम, बालबालिकाको स्वास्थ्य, उनीहरूका लागि छुट्याइने बजेट, छात्रवृत्तिलगायतका विषयमा हामीले समुदायमा छलफल गर्‍यौं, अनि ती सामग्रीहरूलाई कार्यक्रम 'जीवनरक्षा बालसुरक्षा' मार्फत रेडियोबाट प्रसारण गर्‍यौं ।

स्थानीय तहको निर्वाचनसँगै गाउँपालिका र नगरपालिकाहरू बनेका छन् । अब बालबालिकाका धेरै विषय स्थानीय सरकारसँगै जोडिने हामीले थाहा पाएका छौं । गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, नगरपालिकाका मेयर, उपमेयरसँग हामी बालबालिकाको विषयमा छलफल गर्छौं । बालबालिकाका लागि उहाँहरूले बनाउनु भएको योजनाका विषयमा प्रश्न राख्छौं । दलित, अपाङ्गता भएका बालबालिका, गरिब, विपन्नका लागि सरकारले दिने सुविधाका विषयमा पनि हामी स्थानीय सरकारसँग जिज्ञासा राख्ने गर्छौं ।

**राजन वि.क**
सी.जे.

# नुवाकोटमा बाल पत्रकारले रेडियोमै काम गर्न थाले

बालबालिकाको शिक्षा, संरक्षण, सहभागिता र स्वास्थ्य क्षेत्रको बानी, व्यवहार परिवर्तन र अभिभावकको दायित्त्व प्रवर्धनका लागि काम गरिरहेको वर्ल्ड भिजन इन्टरनेशनल नेपालले देशका विभिन्न जिल्लामा जस्तै नुवाकोटका बालबालिकाको जीवन रक्षाका लागि पनि रेडियो कार्यक्रम मार्फत महत्त्वपूर्ण काम गरेको यहाँका सरोकारवालाहरूले बताएका छन् । विपत्तिपछि झन् वर्ल्ड भिजनले भूकम्प प्रतिकार्यमा सक्रियताका साथ प्रभावित जिल्लाहरूमा प्रतिकार्यका गतिविधिहरू सञ्चालन गर्न थाल्यो । त्यसमा जनचेतना अभिवृद्धि गर्नको लागि स्थानीय सामुदायिक रेडियो मार्फत निरन्तर सूचना तथा जानकारी बाँड्न सहयोग पुऱ्याएको पाइयो ।

वर्ल्ड भिजनले भूकम्पपछिको सुरक्षित वा उन्नत पुनर्निमाण (Build Back Better) का लागि समुदायलाई सुसूचित, शिक्षित र अद्यावधिक राख्न सामुदायिक पत्रकारिताको अभ्यासलाई बढावा दिइरहेको छ । बालवालिकाको स्वास्थ र जीवन शैलीलाई ध्यानमा राखेर कमजोरीलाई आधार मानी क्षमता विकास गर्नेलगायत सुरक्षित आवास निर्माणको बहस पैरबी एवम् सन्देशमूलक प्रचारप्रसारअन्तर्गत रेडियो कार्यक्रम प्रसारण गर्नु सबै भन्दा बढी प्रभावकारी र उदाहरणीय भएको जिल्लाका सरोकारवालाहरू बताउँछन् । रेडियो कार्यक्रम 'जीवनरक्षा बालसुरक्षा' सामुदायिक रेडियो प्रसारक संघद्वारा सञ्चालित सामुदायिक सूचना नेटवर्कद्वारा पनि प्रसारण हुने र नुवाकोट एफएमले पनि स्थानीय रुपमा उत्पादन गरेर प्रसारण गर्ने भएकाले जिल्लाका धेरै सवालहरू स्थानीय तह र केन्द्रमा उठेको पाइएको छ । कार्यक्रमले एक त स्रोताहरूलाई सचेत बनाउन भूमिका खेलेको छ भने अर्कोतर्फ बालबालिका आफैलाई क्षमतावान बनाउन पनि भूमिका खेलेको छ ।



२०७४ साल पुस २८ गते पहिलो चरणको कार्यक्रमको प्रभाव र विषयवस्तु सुझाव समूहको बैठकमा सरोकारवालाहरूले यो कार्यक्रमको निरन्तरता आवश्यक छ भनेर माग गर्नु नै यो कार्यक्रमको एक सफलता हो भन्न सकिन्छ । कार्यक्रममा महिला बालबालिका कार्यालय नुवाकोटका महिला विकास अधिकृत भूला भण्डारीले रेडियो कार्यक्रमले उठाएका सवालहरूको थप खोजी गर्ने काम पनि गरेको जानकारी दिनभयो । जिल्ला कृषि विकास कार्यालय, नुवाकोटका योजना तथा प्रशासकीय एवम् कृषि प्रसार अधिकृत हरिप्रसाद पनेरुले बालबालिकाहरूलाई विशेष किसिमको पोषणको आवश्यकता पर्दछ भन्ने बारेमा रेडियो कार्यक्रमले निरन्तर जानकारी प्रस्तुत गर्नु सकारात्मक हो भन्नुभयो । यस्तो विषय रेडियोले निरन्तर उठाइरहनुपर्ने उहाँको सुझाव थियो । नुवाकोटमा बाल पत्रकारले रेडियोमै काम गर्न थालेका छन् । रेडियो जालपामा सामुदायिक बाल पत्रकारिताको पहिलो चरणको कार्यक्रम गर्ने केही बाल पत्रकारले सामुदायिक रेडियोमै कर्मचारीको रूपमा काम गरेझैं नुवाकोट एफएममा अहिले पनि २ जना बाल पत्रकारहरूले काम गर्न थालेका छन् ।




●●●

# बाल पत्रकारितालाई स्थानीय तहले सहयोग गर्ने

कार्यक्रमको समापन हुँदैगर्दा प्रभाव अध्ययन गर्न र सामुदायिक बाल पत्रकारिता स्थानीय तहलाई हस्तान्तरण गर्ने कार्यक्रममा बाल पत्रकारिताको प्रशंसा भयो र प्रतिबद्धता पनि सरोकारवालाबाट आयो । वैशाखको ५ गते सिन्धुपाल्चोकको चौतारा र आसपासको क्षेत्रमा सामुदायिक बाल पत्रकारिता परियोजनको समापन तथा स्थानीय तहलाई हस्तान्तरण गर्ने कार्यक्रम भयो । दोस्रो दिन वैशाख ५ गते बिहान ८ बजे नै कार्यक्रम स्थलमा भेला हुने काम भयो । सुरुमा बाल पत्रकारहरूलाई अभिमुखीकरण कार्यक्रमको सुरुवात सीआईएनका म्यानेजर दीपक आचार्यले गर्नुभयो ।



जनप्रतिनिधि र सरोकारवालाहरू जम्मा गरेर स्थानीय तहमा सामुदायिक बाल पत्रकारिता हस्तान्तरण कार्यक्रम गरियो । सीआईएनका म्यानेजर आचार्यले कार्यक्रमको उद्देश्यको बारेमा जानकारी गराएपछि बाल पत्रकारहरूले आफूले हाँसिल गरेका उपलब्धिहरू प्रस्तुत गरे । उनीहरूको अनुभव सुनेर सबै अतिथि दङ्ग परे । कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख कृष्णगोपाल तामाङले जिल्लाका सबै स्थानीय तहमा सामुदायिक बाल पत्रकारिता कार्यक्रम लागु गर्नलाई पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । चौतारा साँगाचोकगढी नगरपालिकाका प्रमुख अमानसिंह तामाङले प्रत्येक वडामा सामुदायिक बाल पत्रकार राख्ने र उनीहरू सूचनाको दूत बन्ने योजना ल्याउने प्रतिबद्धता जनाउनुभयो ।

चौतारा साँगाचोकगढी नगरपालिकाका वडा ५ का अध्यक्ष नरमान श्रेष्ठलगायतका जनप्रतिनिधिहरूले सामुदायिक बाल पत्रकारिताले समुदायमा धेरै फाइदा पुर्‍याएको आफूले पाएकाले आफ्नो क्षेत्रमा यसलाई निरन्तरता दिन सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो। साथै रेडियो कार्यक्रम उत्पादन सल्लाहकार समितिका पदाधिकारी र विभिन्न संस्थाका प्रतिनिधिहरूको समेत कार्यक्रमा सहभागिता थियो। वर्ल्ड भिजन इन्टरनेशनलको आर्थिक सहयोग तथा सामुदायिक सूचना नेटवर्क (सिआईएन) को समन्वयमा रेडियो सिन्धुले उत्पादन गर्ने 'जिवनरक्षा बालसुरक्षा'मा जिल्ला भित्रका केही




नगरपालिका र गाउँपालिकामा सामुदायिक पत्रकारका रूपमा १० जना बालबालिकाले काम गरिरहेका छन्। छलफल कार्यक्रममा सामुदायिक सूचना नेटवर्क (सीआईएन) का प्रमुख आचार्यले विषयवस्तुमाथि प्रष्टपार्दै कार्यक्रमको औचित्य औँल्याउनुभएको थियो। उहाँले सामुदायिक पत्रकारिताले बालबालिका स्वयंको व्यक्तित्व विकास भएको र समुदायका विषय उठाउन सक्षम भएको प्रमाणित भएको बताउनुभयो। कुविण्डेका सामुदायिक बाल पत्रकार गङ्गा तामाङले बाल पत्रकारहरूले निर्माण गरेर 'जीवनरक्षा बालसुरक्षा' मा प्रसारित नाटकले आफ्नो घरबाट छुवाछुत हटाउन सफल भएको अनुभव सुनाउनुभयो। आफूहरूले कार्यक्रममा उठाउने विषयले केही हदसम्म परिवर्तन सम्भव भएको अनुभव उहाँसँग छ। आफूले उठाएका जातीय विभेद, पुनःनिर्माणमा बालबालिकाको प्रयोग, बाल पोषण, नेपालमै स्वरोजगार गरेर

बसेकाहरूका कथाले जिल्लामा राम्रो प्रभाव पारेको चर्चा भएको थियो । साँगाचोकका सामुदायिक पत्रकार प्रमिला रानामगरले स्थानीय तहले यो कार्यक्रमलाई निरन्तरता दिएर पत्रकारितामा इच्छुक आफू जस्ता बालबालिकालाई अवसर दिन आग्रह गर्नुभयो । पिपलडाँडाका सामुदायिक पत्रकार सुवास रिसालले बाल पत्रकारिताले आत्मविश्वास बढेको र यो काम आफूले पढाइसँगै रमाइरमाइ गरिरहेको सुनाउनुभयो ।

जिल्ला जनस्वास्थ्य कार्यालयका जनस्वास्थ्य अधिकृत रविकान्त मिश्रले पनि रेडियो कार्यक्रमले बाल स्वास्थ्यलगायत धेरै स्वास्थ्यका बारेमा जानकारी दिएर जनचेतना फैलाउने काम गरेको बताउनुभयो । गैरसरकारी संस्था महासंघका प्रतिनिधि सोम सापकोटाले आफू अध्यक्ष रहेको विद्यालयका बिद्यार्थीहरूले पनि सामुदायिक बाल पत्रकारिताको धेरै प्रशंसा गरेको धारणा राख्नुभयो । उहाँले स्थानीय तहलाई यो कार्यक्रमलाई निरन्तरता दिन आग्रह गर्नुभयो । कार्यक्रममा रेडियो सिन्धुका स्टेसन प्रमुख रत्नप्रसाद श्रेष्ठले रेडियो सिन्धुले स्थानीय गाउँबस्तीका सूचना तत्काल प्राप्त गर्नको लागि रेडियोले सामुदायिक बाल पत्रकारितालाई निरन्तरता दिने बताउनुभयो । रेडियोले आगामी आर्थिक वर्षदेखि 'एक पालिका एक सामुदायिक पत्रकार' अभियानको घोषणा गरी स्थानीय सरकार, स्थानीय समुदाय र रेडियोबीच सहयोग तथा सहकार्यसहित आफ्नो कार्यक्रमलाई स्थानीय सरकारसम्म बिस्तार गर्न लागिएको सुनाउनुभयो । उहाँले स्थानीय समुदायको विकासमा सामुदायिक रेडियो, सामुदायिक पत्रकार र स्थानीय सरकारको भूमिकाको विषयमा जनप्रतिनिधिलाई सामेल हुन आग्रह गर्नुभयो ।

कार्यक्रममा विशेष अतिथि अमानसिंह तामाङले पत्रकारिताको महत्त्व दर्शाउँदै आफू स्वयंमा आएको परिवर्तन रेडियोकै कारण सम्भव भएको अनुभव सुनाउनुभयो । उहाँले सामुदायिक पत्रकारिता अभियानलाई निरन्तरता दिन आफू तयार रहेको उल्लेखगर्दै नीतिगत योजना पेस गर्न आग्रह गर्नुभयो । चौतारा नगरपालिकालाई समृद्ध बनाउनु नै आफ्नो लक्ष्य रहेको उल्लेखगर्दै सहकार्यका लागि आफू तयार रहेको धारणा राख्नुभयो । यस्तै कार्यक्रमका प्रमुख अतिथि कृष्णगोपाल तामाङले पत्रकारिताले नकारात्मक मात्र नभएर सकारात्मक पक्षको उठान गर्नुपर्ने सुझाव दिनुभयो ।

●●●

# गोरखामा स्थानीय तहले बाल पत्रकारितालाई सघाउने




चैत २९ गते गोरखामा सामुदायिक बाल पत्रकारितामा सहभागी बाल पत्रकारहरूका लागि आयोजना गरिएको अभिमुखीकरण कार्यक्रममा सबै बाल पत्रकारहरूले आफूले निरन्तर बाल पत्रकारितामा योगदान गर्न चाहेको बताए । चैत ३० गते भएको स्थानीय तहका जनप्रतिनिधिहरूसँगको छलफलमा पनि बाल पत्रकारहरूले सामुदायिक बाल पत्रकारितालाई निरन्तरता दिन सबैसँग सहयोगको आग्रह गरे । कार्यक्रममा सीआईएनका म्यानेजर दीपक आचार्यले कार्यक्रमको उद्देश्यमाथि धारणा राख्दै वर्ल्ड भिजनसँगको सहकार्यमा सञ्चालन भएको परियोजना सम्पन्न भए पनि रेडियो मनासलु, रेडियो गोरखामा सधैँ जोडिने बाल पत्रकारलाई प्रोत्साहन गर्न स्थानीय तहले केही आर्थिक सहयोग गर्नुपर्ने बताउनुभयो ।

सामुदायिक रेडियो प्रसारक संघका अध्यक्ष सुवास खतिवडाले बाल पत्रकारहरू समाजको पहरेदार हुँदा समाजका धेरै समस्या अन्त्य हुँदै जाने धारण राख्नुभयो । वर्ल्ड भिजनका अधिकृत प्रतिष्ठा कोइराला, रेडियो मनासलुका म्यानेजर दीपक श्रेष्ठ र वर्ल्ड भिजनका जिल्ला संयोजक कृष्ण केसीले कार्यक्रमको आवश्यकताको बारे औँल्याउनु भएको थियो । बाल पत्रकारहरूले आफूले पत्रकारिता मार्फत गरेको परिवर्तन सुनाए । कतै पुस्तकको अभाव भएको बेलामा रेडियोमा सवाल उठाएर समाधान भएको, कतै शौचालय छैन भनेर रेडियोमा सवाल उठाएपछि शौचालयको निर्माण भएको अनुभव उनीहरूले सुनाए । खानेपानीको अभाव भएको विषयलाई

रेडियो मार्फत प्रसारण गरेर त्यस्तो ठाँउमा पानी आउने व्यवस्था गरेको पनि बाल पत्रकारहरुको अनुभव थियो । पालुङ्टार नगरपालिकाका उपमेयर पम्फा बसेलले वर्ल्ड भिजन र अकोराबको सहकार्यमा भएको परियोजना सकिए पनि यो आवश्यक भएकाले निरन्तरता दिने प्रतिबद्धता व्यक्त गर्नुभयो । रेडियो मनासलु र गोरखाले सुरु गरेको सामुदायिक बाल पत्रकारितालाई आफ्ना सबै वडाहरूमा लागु गर्ने र त्यसका लागि प्रस्तावना लिएर आएमा आफूले स्वीकृत गराउने प्रतिबद्धता जनाउनुभयो । बालबालिकाहरूमा आफूलाई मात्र नभएर पूरै समाजलाई नै परिवतर्न गर्न सक्ने क्षमता हुने भएकाले बालबालिकाको क्षेत्रमा लगानी गर्नु फलदायी हुने उहाँले बताउनुभयो । बालबालिकालाई पत्रकारिता क्षेत्र मार्फत उनीहरूको क्षमता विकासका लागि स्थानीय सरकारको तर्फबाट आफू सधैँ तत्पर रहेको प्रतिबद्धता व्यक्त गर्नुभयो ।

स्थानीय सरकारले समुन्नत नेपाल निर्माणका लागि बालबालिकाको क्षेत्रमा लगानी गर्नुपर्ने, बालबालिकाहरूलाई काम गर्ने वातावरण बनाएर उनीहरूको मनोबल उकास्नकानिमित्त स्थानीय तहले विशेष भूमिका खेल्नुपर्ने, स्थानीय बालमैत्री सुशासनका लागि स्थानीय तहमा बालबालिकाहरूका लागि बजेट बिनियोजन हुने भएकाले आफ्नो क्षेत्रमा बजेट आएको छ कि छैन भनेर सजग रहनपर्ने सरोकारवाला निकायका प्रतिनिधिले बताए । पत्रकार महासंघ गोरखा शाखाका अध्यक्ष किशोरजङ्ग थापाले आफू आबद्ध रेडियो गोरखा मार्फत सामुदायिक बाल पत्रकारितालाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

●●●

# सामुदायिक बाल पत्रकारिताको अभ्यासमा विदुर नगरपालिकाको साथ




सामुदायिक बाल पत्रकारिताको सिकाइलाई सबैसामु सार्वजनिक गरेर त्यसमा स्थानीय तहको सहयोग प्रतिबद्धता लिनको लागि सामुदायिक रेडियो प्रसारक संघले २०७५ साल वैशाख १३ गते काठमाण्डौंमा अन्तरक्रिया कार्यक्रमको आयोजना गऱ्यो । कार्यक्रममा स्थानीय तहले सामुदायिक बाल पत्रकारिताको अभ्यासलाई अङ्गीकार गरे सामाजिक कुरीति अन्त्य गर्न सहज हुने सरोकारवालाहरूले बताए । सामुदायिक पत्रकारिताका अभ्यासमा विद्यालय तहका बालबालिकालाई सञ्चार माध्यमसँग जोड्ने सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) नेपालको अभ्यासलाई स्थानिय तहले सहयोग गर्ने र निरन्तरता दिने बताए ।

नुवाकोटको विदुर नगरपालिकाका उपमेयर गीता दाहालले बाल पत्रकारको अभ्यास नयाँ भएको र यसले सोच्न नसकिने उपलब्धि हाँसिल गरेको बताउनुभयो । स्थानीय तहमा बालबालिकाको लागि आएको बजेट बालबालिकाको लागि नै प्रयोग गर्दा सामुदायिक बाल पत्रकारितामा समेत खर्च गर्नुपर्ने उहाँको भनाइ छ । सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) र वर्ल्ड भिजन इन्टरनेशनल नेपालले गरेको यो कामले बालवालिकाका साथै समाज परिवर्तनमा ठूलो योगदान गरेको उहाँको बुझाइ थियो । कार्यक्रममा सहभागी सामुदायिक पत्रकारिता गर्दै आएका सिन्धुपाल्चोक, गोरखा र नुवाकोटका समुदायिक बाल पत्रकारहरूले आफूले बाल पत्रकार भएपछि समाजमा गरेको योगदान र आफूमा आएको परिवर्तनको बारेमा कार्यक्रममा प्रस्तुति गरे । सीआईएनका म्यनेजर दीपक आचार्यले परियोजना भएका जिल्लामा बाल

पत्रकारहरूले धेरै सवालहरू उठाएको र धेरै देखिने परिवर्तन ल्याएको बारेमा प्रस्तुति गर्नुभयो । बालबालिकाहरूले समुदायमा भएको बालविवाह, छुवाछुतलगायत अन्य कुरीतिलाई रोक्ने प्रयास गरिरहेको र परिवर्तन पनि आएको उहाँले सुनाउनुभयो । सिन्धुपाल्चोक जिल्लाका सामुदायिक पत्रकार गङ्गा तामाङ्गले आफ्नो जीवनमा बाल पत्रकारिताले आफूलाई निक्कै ठूलो प्रतिष्ठा आर्जन भएको बताउनुभयो । गोरखाका सपना परियारले आफ्नो समुदायलाई परिवर्तन गर्ने काम आफूले केही मात्रामा भए पनि गर्न सकेको सुनाउनुभयो । नुवाकोटका सामुदायिक पत्रकार प्रीतिका थापाले पत्रकारिताबाट नै विद्यालयका शिक्षकलाई समयमा नै विद्यालय ल्याउन सकेको, उनीहरूलाई जिम्मेवार बनाउन सकेको बताउँदै विद्यालय जान नसकेका विद्यार्थीलाई समेत विद्यालय पुऱ्याउन सफल भएको अनुभव सुनाउनुभयो ।

कार्यक्रममा सामुदायिक रेडियो प्रसारक संघका अध्यक्ष सुवास खतिवडाले समुदायका सवाललाई जोड्नेगरी सामुदायिक रेडियोले सामुदायिक पत्रकारिताको नयाँ अभ्यास सुरु गरेको बताउनुभयो । उहाँले विद्यालय तहका बालबालिकाले गरेको सानो परिवर्तनले पनि समाजमा ठूलो सकारात्मक प्रभाव पार्न सक्नेमा जोड दिनुभयो । अब स्थानिय तहले हरेक वडामा बाल पत्रकारहरूको व्यवस्था गरेर त्यहाँका सवाललाई बाहिर ल्याउन सहयोग गर्नुपर्ने उहाँको भनाइ छ । वर्ल्ड भिजन इन्टरनेशनलका पैरबी अधिकृत सुनिल हाकाजु श्रेष्ठले बालबालिकाको मुद्दामा मात्रै नभइ सिङ्गो समुदायका मुद्दामा सामुदायिक रेडियोले गरिरहेको अभियान सकारात्मक रहेको टिप्पणी गर्नुभयो । सामाजिक परिवर्तनका लागि सामुदायिक रेडियोको भूमिका महत्त्वपूर्ण रहेको बताउँदै अकोराबका महासचिव गोविन्द देवकोटाले सामुदायिक रेडियोहरू स्थानीय तहसँग सहकार्य गर्न तयार रहेको धारणा राख्नुभयो ।

●●●

# अकोराब

सामुदायिक रेडियो प्रशारक संघ(अकोराब) नेपाल देशभरीका सामुदायिक रेडियोहरुको छाता संगठन मात्रै होइन दक्षिण एसियामै सामुदायिक रेडियोहरूको सबैभन्दा ठूलो संगठन पनि  हो। राष्ट्रिय निर्देशन ऐन २०१८ अन्तर्गत १४ फागुन २०६९ को सरकारको मन्त्रीस्तरीय निर्णयबाट अकोराबलाई व्यावसायिक संगठनको हैसियत प्रदान गरिएको छ। मुलुकको ९५ प्रतिशत जनसंख्यामा सामुदायिक रेडियोको तरङ्गको पहुँचमा छ। सामुदायिक रेडियोले मुलुकका ७० भन्दा बढी स्थानीय भाषामा कार्यक्रम र समाचार प्रसारण गर्दै आएका छन्।




# सीआईएन

सामुदायिक सूचना नेटवर्क (सीआईएन) सामुदायिक रेडियोबीच सूचना आदान प्रदान गर्ने दक्षिण एसियाकै सबैभन्दा ठूलो सूचना सञ्जाल हो। नेपालमा सञ्चालित ३ सय भन्दा बढी सामुदायिक रेडियोको साझा समाचार सञ्जालका रुपमा सीआइएनले भूमिका निर्वाह गरिरहेको छ। बिहान ६ : ०० र साँझ ७ : ३० बजे देशभरीका सामुदायिक रेडियो बाट साझा खबर प्रशारण भइरहेको छ। बिहान ६ : ३० बजे समुदाय केन्द्रित विषयमा कार्यक्रम 'जीवन-रक्षा' प्रशारण भइरहेको छ।  सामुदायिक रेडियोहरुको बहृत छलफलले २०६६ जेठ १५ गते सीआईएन स्थापना भएको हो।